# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं.१




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७५
# प्रदेश नं. १

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## *Serving the Nation and the People*

### दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

### गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

### मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्रदेश नं. १



सोलुखुम्बु
संखुवासभा
ताप्लेजुङ
ओखलढुङ्गा
खोटाङ
भोजपुर
तेह्रथुम
पाँचथर
धनकुटा
इलाम
उदयपुर
सुनसरी
मोरङ
झापा

नेपालका
महालेखापरीक्षक

बबरमहल, काठमाडौं
नेपाल

पत्रसंख्या : २०७५।७६

च.नं.:

**विषय: वार्षिक प्रतिवेदन**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
प्रदेश नं. १, विराटनगर ।

नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश नं. १ को आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेश गरेको छु ।

भवदीय,

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

फोन नम्बर ४२६२९५८ फ्याक्स नम्बर ४२६८३०९ पोष्ट बक्स नम्बर १३३२८

| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **प्रदेश सञ्चित कोष** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **परिच्छेद १:** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २:** | **लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिती** | ३ |
| **परिच्छेद ३:** | **मन्त्रालय र निकायगत व्यहोरा** | ८ |
| | १. प्रदेश सभा सचिवालय ............ | ८ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय............ | १० |
| | ३. आर्थिक मामिला तथा योजना मन्त्रालय ............ | १२ |
| | ४. आन्तरिक मामिला तथा कानुन मन्त्रालय ............ | १५ |
| | ५. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय ............ | १७ |
| | ६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय ............ | १९ |
| | ७. भौतिक पूर्वाधार विकास मन्त्रालय ............ | २० |
| | ८. सामाजिक विकास मन्त्रालय ............ | २२ |
| **परिच्छेद ४:** | **प्रतिवेदन कार्यान्वयनको स्थिति............** | २३ |
| **परिच्छेद ५:** | **सुधारका क्षेत्रहरु............** | २४ |
| **अनुसूचीहरुः** | १. लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण ............ | २६ |
| | २. लेखापरीक्षण रकम............ | २७ |
| | ३. बेरुजू वर्गीकरण ............ | २८ |
| | ४. लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजू स्थिति............ | २९ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४० मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था छ। संविधानको धारा २४१ (१) मा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल नेपाललगायतका सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने उल्लेख छ।

त्यसैगरी नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ अनुसार महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ।

नेपालको संविधानको धारा २९४(३) मा संवैधानिक निकायले प्रत्येक प्रदेशको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने व्यवस्था छ। उल्लिखित व्यवस्था बमोजिम आर्थिक वर्ष २०७४/७५ को प्रदेशस्तरका कार्यालयको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छु। लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) बमोजिम महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेश गर्ने र सोही ऐनको दफा १९(५) बमोजिम उक्त प्रतिवेदन मुख्यमन्त्री मार्फत् प्रदेश सभामा पेश हुने व्यवस्था छ। यसरी प्रदेश सभामा पेश भएको प्रतिवेदन प्रदेश सभा नियमावलीबमोजिम प्रदेश सार्वजनिक लेखा समितिमा छलफलको व्यवस्था गरी कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु।

यो प्रतिवेदन तयार गर्दा नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५, अन्य संघीय तथा प्रदेश कानुनहरु र महालेखापरीक्षकले जारी गरेका निर्देशक दस्तावेजहरु र सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाइ) र एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाहरुको संगठन(एसोसाई) द्वारा प्रतिपादित मानदण्डहरु र अन्य अन्तर्राष्ट्रिय असल अभ्यासहरुसमेत अनुशरण गर्दै वस्तुनिष्ठ हुने गरी तयार गरिएको छ।

लेखापरीक्षणको क्रममा म स्वयंले माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीहरु तथा लेखाउत्तरदायी अधिकृतलगायत सरोकारवाला पक्षहरुसँग आवश्यक छलफलका साथै सूचना, राय, सुझाव संकलन गरी लेखापरीक्षणलाई गुणस्तरीय, परिणाममुखी एवं उद्देश्यमूलक बनाउने प्रयास गरेको छु। यस प्रतिवेदनमा सार्वजनिक निकायबाट प्रचलित कानुनको पालना, वित्तीय काम कारबाहीमा जवाफदेहिता वहन, अद्यावधिक लेखा, आर्थिक कारोबारको स्थिति, स्रोतको चुहावटबाट सरकारी हानी नोक्सानीको पहिचानजस्ता विषयलाई लेखापरीक्षणबाट निर्क्योल गर्ने प्रयास गरिएको छ।

यस वर्ष प्रदेश सरकारअन्तर्गत मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ७ मन्त्रालय, प्रदेश सभा सचिवालय, मुख्य न्यायायिवक्ताको कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालय समेत १० निकायको रु. ६५ करोड ६८ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएकोमा ६ निकायमा रु.२ करोड २३ लाख ४२ हजार बेरुजू कायम भएको छ। यो बेरुजू कुल लेखापरीक्षण अंकको ३.४० प्रतिशत हुन आउँछ।

आर्थिक वर्ष २०७४/७५ को प्रदेशअन्र्तगतका कार्यालयहरुको लेखापरीक्षणबाट मूलतः आवश्यकताअनुसार सबै कानून निर्माण हुन नसकेको, कतिपय कानुनी व्यवस्था संघीय कानुनसँग सामन्जस्य नभएको, दरबन्दीबमोजिम कर्मचारीको पदपूर्ति हुन नसकेको, संगठनात्मक संरचनामा दोहोरोपना देखिएको, आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउने र उठाउने गरी बजेटमा प्रस्ताव नभएको, बजेट वक्तव्यमा उल्लेख भएका कतिपय नीति तथा कार्यक्रम कार्यान्वयन नभएको, प्रतिस्पर्धाबेगर सोझै वस्तु तथा सेवा खरिद गरेको, प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत

विवरण तयार नगरेको, निकायगत कार्यको प्रवृत्ति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु देखिएका छन् ।

यस प्रतिवेदनमा संघीयता कार्यान्वयनका सन्दर्भमा देखिएका विषयहरु समावेश गरिएको छ । संघीय प्रणालीमा प्रदेशस्तरमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपि नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट प्रदेशस्तरको शासकीय व्यवस्था संचालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

प्रदेशको संरचनाले संघ र स्थानीय तहबीच समन्वय कायम गरी प्रदेश सरकारका आर्थिक क्रियाकलापमा वित्तीय अनुशासन कायम गर्न र उपलब्ध स्रोत साधनको अधिकतम् प्रयोग गर्दै विकास निर्माण, सेवा प्रवाह, रोजगारी सिर्जना जस्ता कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सक्नेछ । साथै सम्बन्धित प्रदेश सरकारले संघीय सरकारको, अनुदानप्रतिको निर्भरतालाई क्रमश: घटाउँदै नेपालको संविधान बमोजिम आफ्नो कार्यभित्र परेका स्थानीय श्रोत साधनमार्फत् आन्तरिक आय परिचालन गरी आत्मनिर्भर हुनेतर्फ प्रदेश सरकारका काम कारबाही निर्देशित हुने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्री तथा मन्त्रीज्यूहरु, माननीय प्रदेश सभामुखज्यू तथा उप-सभामुखज्यू र प्रदेश सभा सदस्यज्यूहरु, प्रदेश सरकारका सबै निकाय र पदाधिकारीहरुलगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवदेन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा, दंगाल)

महालेखापरीक्षक

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


प.सं. : २०७५।७६ मिति : २०७५।१२।२७

च.नं. :

**विषय : सञ्चितकोष हिसाबको लेखापरीक्षण प्रतिवेदन ।**

श्री सचिव,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
प्रदेश नं. १, विराटनगर ।

१. **आर्थिक विवरणउपर प्रतिवेदन** : हामीले प्रदेश नं. १ सरकारको सञ्चित कोषको २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक विवरण र तत्सम्बन्धमा अपनाएका आधार तथा लेखा टिप्पणीको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. **आर्थिक विवरणउपर व्यवस्थापनको जिम्मेवारी** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार प्रदेश सञ्चित कोषको लेखा आवधिकरुपमा राख्ने तथा त्यसको वार्षिक विवरण तयार गर्ने, प्रदेश सञ्चित कोषको सञ्चालन गर्ने, एकीकृत लेखा राख्ने, वित्तीय विवरण तयार गर्ने आर्थिक विवरण जालसाजी, त्रुटि र गलत आँकडारहित सारभूतरुपमा प्रस्तुतीकरण गर्ने, आन्तरिक नियन्त्रण प्रणाली विकास गरी निरन्तर प्रभावकारी हुने गरी स्थापित गर्ने, उपयुक्त लेखा नीतिको छनौट गरी कार्यान्वयन गर्ने कार्य पर्दछन ।

३. **लेखापरीक्षणको जिम्मेवारी** : हाम्रो जिम्मेवारी प्रस्तुत आर्थिक विवरणउपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठनका आधारभूत लेखापरीक्षण सिद्धान्त, सरकारी लेखापरीक्षणमान र महालेखापरीक्षकको कार्यालयले जारी गरेको मार्गदर्शनअनुसार व्यवसायिक आचारसंहिताको पालना गर्ने र आर्थिक विवरण सारभूतरुपमा गलत आँकडारहित प्रस्तुत भएको छ भन्ने कुरामा यथोचित आवश्वस्तता प्रदान गर्न लेखापरीक्षण योजना तर्जुमा गरी तदअनुसार लेखापरीक्षण सम्पन्न गर्ने कार्य पर्दछन् ।

आर्थिक विवरणमा खुलासा गरिएका सूचनाका बारेमा पुष्ट्याई गर्ने, यथेष्ट प्रमाण सङ्कलन गर्ने, प्रमाणको पूर्ण, आंशिक र छड्के परीक्षण गर्ने विषय लेखापरीक्षण कार्यविधिमा समावेश हुन्छ । लेखापरीक्षण कार्यविधिमा आर्थिक विवरण सारभूतरुपमा जालसाजी वा त्रुटि वा गलत आँकडा प्रस्तुति हुन सक्ने कुरालाई मध्यनजर राख्दै अवलम्बन गरिने लेखापरीक्षण जोखिमको मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ । लेखापरीक्षण जोखिमको मूल्याङ्कन गर्ने क्रममा निकायको आर्थिक विवरण तयारी तथा यथार्थ प्रस्तुतीकरणको लागि आवश्यक पर्ने आन्तरिक नियन्त्रण व्यवस्था तथा उपयुक्तताबारेमा परीक्षण गरिएको भएतापनि त्यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षणबाट राय व्यक्त गर्ने उद्देश्य राखिएको छैन । आर्थिक विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता, विश्लेषण र लेखा अनुमानको उपयुक्तता लगायत आर्थिक विवरणको समग्र स्थितिको मूल्याङ्कन गर्ने कार्य लेखापरीक्षण अन्तर्गत पर्दछ ।

४. **कैफियतसहितको राय व्यक्त गर्ने आधार** : कैफियतसहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा आर्थिक विवरणलाई सारभूत असर पर्ने व्यहोरा निम्नानुसार छन्:

४.१ महालेखा नियन्त्रक कार्यालयले सञ्चित कोषको आर्थिक विवरण नेपाल सरकारको २०६६।५।३० को स्वीकृत गरेको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम तयार गर्नुपर्नेमा गरेको छैन । सञ्चित कोषको आर्थिक विवरण तयार गर्ने लेखा ढाँचा प्रचलित कानुनबमोजिम स्वीकृत गराएको छैन ।

४.२ यस वर्ष लेखापरीक्षणबाट रु.१ लाख १२ हजार असुल उपर गर्नुपर्ने, २ करोड २१ लाख १४ हजार प्रमाण कागजात पेश नभएको, रु.१ लाख १६ हजार पेश्की बेरुजू समेत रु.२ करोड २३ लाख ४२ हजार बेरुजू देखिएको छ ।

४.३ प्रदेश सरकारको लागि रु. १ अर्ब २ करोड ५ लाख समानीकरण अनुदान प्राप्त भएकोमध्ये रु.६५ करोड २८ लाख ३६ हजार खर्च भै रु.३६ करोड ७६ लाख ६४ हजार सञ्चित कोषमा बाँकी रहेको छ । संचितकोषको हिसाब संलग्न रहेको छ ।

४.४ ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र स्रोत सुनिश्चितता, राजस्व असुली, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाहलगायतका विषयमा कमी कमजोरी देखिएका छन् ।

५. **लेखापरीक्षणको राय** : हामीलाई उपलब्ध गराइएको स्रेता, अभिलेख, सूचना, जानकारीका आधारमा हाम्रो रायमा उपरोक्त बुँदा नं. ४ मा उल्लेख भएका व्यहोराले पार्ने सारभूत असरबाहेक प्रदेश सरकारको सञ्चित कोषको आर्थिक विवरणले २०७५ आषाढ ३२ गते समाप्त भएको आर्थिक वर्षको आर्थिक कारोबारलाई नेपाल सरकारको लेखा प्रणालीअनुसार सही र यथार्थ चित्रण गर्दछ ।

(राममाया कुँवर)
उप-महालेखापरीक्षक

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ बमोजिम प्रत्येक कार्यालयले सबै प्रकारका आय व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेश गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर आश्वस्तता प्रदान गर्न लेखापरीक्षणले देहायअनुसारका उद्देश्य राखिएको छ :

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापनमा पर्याप्त व्यवस्था गरेको,
- सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको ।

३. **क्षेत्र -** यो वर्ष प्रदेश सभा, प्रदेश मन्त्रालय, संवैधानिक अंग र प्रदेश कार्यालयसमेत १० निकायको २०७४।७५ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षणको क्रममा कानुनको परीपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्यांकन गर्न सूचना तथा तथ्यांकसमेत प्रयोग गरिएको छ ।

४. **पद्धति -** लेखापरीक्षण ऐन २०७५, अनुशरण गरी लेखापरीक्षण गरिएको छ । लेखापरीक्षण गर्दा जोखिम मूल्याङ्कनपश्चात् पहिचान भएका विषयको सन्दर्भमा परीक्षण एवं विश्लेषण गरी सान्दर्भिक र पर्याप्त प्रमाण संकलन गर्न आवश्यकता अनुसार नियन्त्रणको परीक्षण, सारभूत विश्लेषणात्मक कार्यविधि र विस्तृत परीक्षण कार्यविधि अवलम्बन गरिएको छ । लेखापरीक्षण योजना तथा कार्यक्रमको पूर्व जानकारी लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो । यस अलावा लेखापरीक्षणबाट देखिएका व्यहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र सो उपर निकायवाट प्राप्त जवाफ प्रतिकृयासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ ।

लेखापरीक्षणको क्रममा लेखाउत्तरदायी अधिकृत, कार्यालय प्रमुख, लेखा प्रमुख, नागरिक समाज सम्बद्ध संस्था, सञ्चारकर्मीबीच अन्तर्क्रिया र छलफल गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरिवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनौट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको यसैगरी प्राविधिक लगायतका विषयमा राय प्रदान गर्न लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञ तथा विशेषज्ञ नियुक्ति गरी लेखापरीक्षणमा संलग्न गराइएको छ ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेश गर्न सक्ने नेपालको संविधानको धारा २९४ (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनमा ५ परिच्छेद तथा ४ अनुसूची रहेका छन् । परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति, परिच्छेद ३ मा मन्त्रालय र निकायगत व्यहोरा, परिच्छेद ४ मा प्रतिवेदन कार्यान्वयन स्थिति र पच्छिेद ५ मा सुधारका क्षेत्रहरु उल्लेख गरिएको छ ।

# परिच्छेद – १

# लेखापरीक्षण गरिएका निकायको विवरण

- **समष्टिगत लेखापरीक्षण**

| लेखापरीक्षण गरिएका निकाय र विषय | संख्या | रकम (रु. हजारमा) |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण<br>१. सरकारी कार्यालय | १० | ६५२८३६ |
| **जम्मा** | **१०** | **६५२८३६** |

यो वर्ष प्रदेश मातहतका १० निकायको रु.६५ करोड २८ लाख ३६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण **अनुसूची १** मा उल्लेख छ।

१. **सरकारी निकाय** – यो वर्ष प्रदेश मातहतका १० विनियोजन/राजस्व/धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न | | |
|---|---|---|---|---|
| | | २०७४।७५ को रकम | बक्यौता | जम्मा |
| १. | विनियोजन निकासा | ६५२८३५ | - | ६५२८३५ |
| २. | राजस्व असुली | २०६ | - | २०६ |
| ३. | धरौटी आम्दानी | ३८५४ | - | ३८५४ |
| **जम्मा** | | **६५६८९५** | - | **६५६८९५** |

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची २** मा उल्लेख छ।

२. **लेखापरीक्षण कार्यविधि** – यो वर्ष प्रदेश कार्यालयको लेखापरीक्षण गर्दा जोखिम विश्लेषणसहितको विस्तृत लेखापरीक्षण कार्यविधि अवलम्बन गरी सम्पन्न गरिएको छ।

- **प्रदेश बजेट र राजस्वको कार्यान्वयन स्थिति**

३. **प्रदेश बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु. हजारमा)

| शीर्षक/क्षेत्र | २०७४।७५ को | | |
|---|---|---|---|
| | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| चालु खर्च | ६६८५८१ | ४३५०५२ | ६५.०७ |
| पुँजीगत खर्च | ३५१९१९ | २१७७८३ | ६१.८८ |
| **जम्मा** | **१०२०५००** | **६५२८३५** | **६३.९७** |

४. **खर्चको स्थिति** – प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने निकायको खर्चको विवरण निम्नानुसार छ।

रु.( हजारमा)

| चालु खर्च | | | | पुँजीगत खर्च | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | मन्त्रालय | रकम | कुल चालु खर्चको प्रतिशत | क्र.सं. | मन्त्रालय | रकम | कुल पूँजीगत खर्चको प्रतिशत |
| १ | प्रदेश सभा सचिवालय | ५८८८४ | ७०.६४ | १ | सामाजिक विकास मन्त्रालय | १८०६० | ७३.५९ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १२११६ | ३६.५१ | २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ८८०७ | ४०.२१ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०८५६८ | ७६.१३ | ३ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | १४७७८ | ४१.५१ |
| ४ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १२९५३ | ५१.६० | ४ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ९६००७ | ६३.५० |
| ५ | सामाजिक विकास मन्त्रालय | ७०७३२ | ६१.५० | ५ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १०१८३ | ४५.१९ |
| ६ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ३०४७८ | ६२.१० | ६ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २५९०४ | ६६.५७ |
| ७ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | २५९६४ | ६४.८७ | ७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ११३६८ | ७०.१८ |
| ८ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १३८७५ | ३१.५१ | ८ | प्रदेश सभा सचिवालय | ३१०२६ | ७७.२६ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १३२७ | २८.२१ | ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १४०० | ९३.३३ |
| १० | प्रदेश कोष नियन्त्रक कार्यालय | १५५ | ७०.६४ | १० | प्रदेश कोष नियन्त्रक कार्यालय | २५० | १०० |
| | | **४३५०५२** | **६५.०७** | | | **२१७७८३** | **६१.८८** |

५. **स्रोतगत खर्च –** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७४।७५ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७४।७५ को | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|
| | अनुमान | यथार्थ खर्च | |
| संघीय सरकार अनुदान | १०२०५०० | ६५२८३५ | ६३.९७ |
| **जम्मा** | **१०२०५००** | **६५२८३५** | **६३.९७** |

५.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.६५ करोड २८ लाख ३५ हजार सम्पूर्ण संघीय अनुदानबाट व्यहोरेको छ ।

५.२. यो वर्ष चालुतर्फ रु. ४३ करोड ५० लाख ५२ हजार खर्चमध्ये सञ्चित कोषमाथि व्ययभार भएको खर्च रु.१० लाख .३५ हजार रहेको छ ।

६. **राजस्व असुली –** सरकार सञ्चालनको मुल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको छैन ।

७. **छलफल र अन्तरक्रिया :** आर्थिक वर्ष २०७४।७५ को लेखापरीक्षण को लागि महालेखापरीक्षकको कार्यतालिका २०७५।७६ अनुसार तेस्रो चरण को लेखापरीक्षण कार्यक्रमअन्तर्गत २०७५ माघ पहिलो हप्तामा प्रदेश सरकारलगायत अन्य संघीय निकायको समेत लेखापरीक्षण सम्पन्न गर्न जिल्लाको कार्य बोझको आधारमा १ भन्दा बढी लेखापरीक्षण टोली खटाइएको थियो ।

यसै सिलसिलामा २०७५।१०।१४ मा महालेखापरीक्षकबाट यस प्रदेशका प्रमुख, सभामुखसँग भेटघाट गरी प्रदेशका सम्पूर्ण निकायको लक्ष्य, आर्थिक अनुशासन कायम गरी विकास र सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा छलफल भएको थियो ।

प्रदेश मन्त्रिपरिषद्को सदस्यहरु तथा सचिवहरुसँग संघीय संरचनामा महालेखापरीक्षकको भूमिका, जवाफदेहिता र पारदर्शिता प्रवर्द्धनमार्फत सार्वजनिक सेवा प्रवाहको सुधार सम्बन्धमा सुझाव प्रस्तुत गर्नु भएको थियो भने मुख्यमन्त्री, मन्त्री तथा सचिवहरुबाट लेखापरीक्षणको सम्बन्धमा राखेका जिज्ञासा सम्बन्धमा छलफल भएको थियो । सोही दिन मोरङ्ग, २०७५।१०।१३ मा झापा र २०७५।१०।१६ मा सुन्सरी जिल्ला स्थित सबै स्थानीय तह, सरकारी निकायका कार्यालय प्रमुख र लेखा प्रमुखसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरी मुलुक संघीयतामा गएपछि सांगठनिक संरचनामा भएको परिवर्तन पश्चात सेवा प्रवाह, कार्यसम्पादन स्थिति र बेरुजू फछ्र्यौट तथा आर्थिक प्रशासन वित्तीय अनुशासन र जवाफदेहिताका सम्बन्धमा स्थानीय तहका जनप्रतिनिधिलाई विशेष ध्यानाकर्षण गराइएको थियो ।

# परिच्छेद – २

# लेखापरीक्षणबाट देखिएका बेरुजूको स्थिति

१. **बेरुजू -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २(द) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरेको छ । प्रदेश कार्यालयअन्तर्गत यो वर्ष उपर्युक्त परिभाषा बमोजिम बेरुजू ठहरिने रकम देहायअनुसार रु. २ करोड.२३ लाख ४२ हजार रहेको छः

(रु.हजारमा)

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रदेश कार्यालयको बेरुजू | २२३४२ |
| | **जम्मा** | **२२३४२** |

२. **बेरुजू वर्गीकरण –** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ मा बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ । यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने गरी ३ समूहमा, नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा र पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन, प्रतीतपत्र र संस्थागत पेस्की गरी ४ समूहमा वर्गीकरण गरेको छ । यो वर्ष प्रदेश कार्यालयतर्फ लेखापरीक्षणबाट औंल्याइएको बेरुजू अङ्क निम्नानुसार छः

(रु. हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | कुल वेरुजूको प्रतिशत |
|---|---|---|
| **जम्मा बेरुजू** | **२२३४२** | १०० |
| **१. असुल गर्नुपर्ने** | ११२ | ०.५० |
| **२. नियमित गर्नुपर्ने** | **२२११४** | **९८.९८** |
| • अनियमित भएको | ४८ | ० |
| • प्रमाण कागजात पेस नभएको | २२०६६ | ० |
| • जिम्मेवारी नसारेको | ० | ० |
| • शोधभर्ना नलिएको | ० | ० |
| **३. पेस्की** | **०** | **०** |
| • कर्मचारी पेस्की | ११६ | ०.५२ |
| • मोबिलाइजेसन पेस्की | ० | ० |
| • प्रतीतपत्र पेस्की | ० | ० |
| • संस्थागत पेस्की | ० | ० |

बेरुजू वर्गीकरणको विवरण **अनुसूची – ३** मा उल्लेख छ ।

२.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ मा बेरुजू फछ्र्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था गरेको र दफा ३५ मा औंल्याइएको बेरुजूको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फछ्र्यौट गर्ने र फछ्र्यौट नगरेमा लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ । सोही व्यवस्था बमोजिमको प्रक्रिया पुरा गर्दासमेत २०७४।७५ को बेरुजू फछ्र्यौट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरुको नामावली र बेरुजू रकम **अनुसूची-४** मा समावेश गरिएको छ ।

२.२ प्रदेश कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन् :

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | | | | कुल बेरुजूको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की बाँकी | जम्मा | | |
| १. | उद्योग,पर्यटन, वन र वातावरण मन्त्रालय | ४२२१६ | ६ | १७४१५ | ० | १७४२१ | ७७.९७ | **४१.२७** |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | २३२५८ | ३१ | २४४५ | ० | २४७६ | ११.०८ | **१०.६५** |
| ३. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ४११६७ | ० | २१९२ | ० | २१९२ | ९.८१ | **५.३२** |
| ४. | सामाजिक विकास मन्त्रालय | ८८८२७ | ४२ | १४ | ११६ | १७२ | ०.७७ | **०.१९** |
| ५. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २३४५८० | ३३ | | ० | ३३ | ०.१५ | **०.०१** |
| ६. | मुख्य न्यायाधिवक्ताको कार्यालय | २७२७ | ० | ४८ | ० | ४८ | ०.२२ | **१.७६** |
| | **जम्मा** | **४३२७७५** | **११२** | **२२११४** | **११६** | **२२३४२** | **१००** | **३.४०** |

२.३ यो वर्ष प्रदेश मातहतका १० कार्यालयको लेखापरीक्षण गरेकोमा ४ कार्यालय (४० प्रतिशत) मा लगती बेरुजू देखिएन ।

२.४ यो वर्ष प्रदेश मातहतका ९ कार्यालयको १३२ दफा बेरुजू देखिएकोमा ११४ दफा सैद्धान्तिक र २४ दफा लगती बेरुजू कायम भएको छ ।

२.५ प्रदेश कार्यालयतर्फ यो वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु. लाखमा)

| प्रतिवेदन | लेखापरीक्षण अङ्क | बेरुजू अङ्क | प्रतिशत | पेस्कीबाहेकको बेरुजू | पेस्की बाहेकको बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|
| पहिलो | **६५६८९५** | २२३४२ | ३.४० | २२२२६ | ३.३८ |

प्रदेश कार्यालयको निकायगत लेखापरीक्षण अङ्क र बेरुजूको तुलनात्मकस्थिति **अनुसूची-३** मा रहेको छ ।

३. **बेरुजू न्यूनीकरण -** प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ । प्रदेश कार्यालयहरु स्थापनाको सुरुवाती चरणमा रहेकाले आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिद लगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोरीको अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी मार्फत सुरु देखिनै बेरुजू न्यूनीकरणमा ध्यान दिनुपर्दछ ।

## लेखापरीक्षणबाट देखिएका समग्र व्यहोरा

४. **कानुन निर्माण :** प्रदेश सरकारबाट जारी गर्नुपर्ने सबै ऐन, कानुन, प्राथमिकताको आधारमा तयार गरी प्रदेश सभामा प्रस्तुत गरी पारित गराउनुपर्दछ । आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट प्राप्त विवरणअनुसार लेखापरीक्षण अवधिसम्म पहिचान गरिएका कानुनमध्ये २३ कानुन पारित भएको, २ नियमावली र २ गठन आदेश जारी भएको तथा २ विधेयक विचाराधीन रहेको तथा ११ विधेयकको लागि आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट सहमती प्रदान गरिएको छ । आवश्यक कानुनको पहिचान गरी समयमै कानुन निर्माण गर्नुपर्दछ ।

५. **कानुनमा सामान्जस्यता:** प्रदेशले बनाएको कानुन संघीय कानुनसँग सामान्जस्यता हुनुपर्दछ । प्रदेशले बनाएको कानुनमा फरक देखिएको केही उदाहरण देहाय बमोजिम प्रस्तुत गरिएको छः

| दफा | प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को व्यवस्था | दफा | आर्थिक कार्यविधि ऐन २०५५ र नियमावली २०६४ को व्यवस्था |
|---|---|---|---|
| २१.४ | प्रदेश लेखा नियन्त्रक कार्यालयले ढाँचा तयार गरी महालेखापरीक्षकबाट स्वीकृत गराउनु पर्ने | १०.३ | लेखाको ढाँचा स्वीकृत गराउने तथा लागु गर्ने गराउने कर्तव्य महालेखा नियन्त्रकको हुने व्यवस्था । |
| ३०.६ | आन्तरिक लेखापरीक्षण सुझावहरुको सम्बन्धमा कारणसहित हटाएकोमा बाहेक अन्य सुझावहरुलाई अन्तिम लेखापरीक्षकले आफ्नो सुझावमा प्रस्तुत गर्नुपर्ने । | नियम ९६.८ | आन्तरिक लेखापरीक्षणबाट निस्केको फछ्र्यौट हुन बाँकी बेरुजू अन्तिम लेखापरीक्षकलाई दिईने र अन्तिम लेखापरीक्षण भएपछि आन्तरिक लेखापरीक्षण बेरुजू कायम नरहने । |
| ३१ | महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा | ० | संघीय कानुनमा उल्लेख नभएको र लेखापरीक्षण नीति |

| | | | |
|---|---|---|---|
| | आन्तरिक लेखापरीक्षकको प्रतिवेदनलाई समेत आधार लिनु पर्ने । | | मानदण्डमा आन्तरिक लेखापरीक्षण प्रतिवेदनको मूल्यांकन गर्नुपर्ने व्यवस्था । |
| ३३.१ | लेखापरीक्षणबाट औल्याइएको बेरुजू ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिए बमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने । | नियम ९९.१ | लेखापरीक्षणबाट औल्याइएको बेरुजू फछ्र्यौट गरी त्यसको जवाफ लेखापरीक्षण गर्ने कार्यालयलाई ३५ दिनभित्र दिनुपर्ने । |
| ३६ | लेखाउत्तरदायी अधिकृतबाट नियमित, फछ्र्यौट तथा संपरीक्षण हुनेछ । | ० | लेखाउत्तरदायी अधिकृतले सम्परीक्षण गर्ने व्यवस्था नभएको । |
| ५१.२ | असुलउपर गर्नुपर्ने देखिएको रकम पांच वर्षसम्म प्रयास गर्दा पनि असुल नभएमा सरकारी बाँकी सरह असुल गरिने । | नियम १०३.१ | असुलउपर गर्नुपर्ने बेरुजूरकम १ वर्षभित्र असुल नभएमा लेखाउत्तरदायी अधिकृतसमक्ष पेश गर्नुपर्ने र लेखाउत्तरदायी अधिकृतले केन्द्रीय तहसिल कार्यालयमा लगत राख्न पठाउनु पर्ने । |

६. **संगठन र कर्मचारी व्यवस्थापन :** संघीय व्यवस्था कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय तथा प्रदेशमा हस्तान्तरण हुने, संघ आफैले गर्ने तथा प्रदेश वा स्थानीय तहले कार्य गर्ने स्पष्ट मार्गचित्र तयार नगरेका कारण स्थानीय तहमा हस्तान्तरण भएका कार्यक्रम संचालन गर्न तथा संघबाट खारेज गरिएका कार्यालय समेत प्रदेशस्तरमा स्थापना हुने गरेको छ । प्रदेश नं. १ अर्न्तगतका ७ मन्त्रालय र २ संवैधानिक निकाय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयको लेखापरीक्षणको अवधिसम्म कुल दरबन्दी ४१०७ स्वीकृत गरिएकोमा २४१५ मात्र पदपूर्ति भएको छ । स्वीकृत दरबन्दीको तुलनामा ५८.८० प्रतिशत मात्र पदपूर्ति भएको अवस्थामा प्रदेश सरकारको कार्यसम्पादन तथा सेवा प्रवाह प्रभावकारी हुने नदेखिदा समयमै पदपूर्ति गर्नुपर्दछ ।

७. **कार्यालय स्थापना** : स्थानीय निकायमा हस्तान्तरण भएका कृषि तथा स्वास्थ्य कार्यालय प्रदेश अन्तर्गत कृषि ज्ञान केन्द्र र स्वास्थ्य कार्यालयको रुपमा स्थापना भएको सन्दर्भमा कार्यालयहरु खप्टिने, दोहोरिने र टुक्रिने कार्य संख्यात्मक भन्दा कामको आवश्यकता अनुसार हुनुपर्दछ । संघ र प्रदेश दुबैले एउटै प्रकृतिको कार्य ( जस्तै सडक निर्माण तथा पूर्वाधार सम्वन्धी कार्य) गर्न संघले डिभिजन सडक कार्यालय र प्रदेशले पूर्वाधार विकास कार्यालय स्थापना गरेको, साविकमा जिल्लास्तरमा रहेका विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण भएकोमा सोही प्रकृतिको कार्य गर्न प्रदेश सरकारले कृषि, घरेलु, स्वास्थ्य लगायतका कार्यालय स्थापना गरेको, केन्द्रीय सरकारले खारेज गरेको क्षेत्रीय निर्देशनालयहरु प्रदेश सरकारले पुनःस्थापना गरेको आदि अवस्था देखिएकोले खर्चमा मितव्ययिता हुने देखिएन । कार्यमा समेत दोहोरोपना हुने देखिँदा दोहोरोपना नहुनेगरी कार्यालयको स्थापना र संञ्चालन गर्नुपर्दछ ।

८. **बजेट कार्यान्वयन -** प्रदेश अर्थमन्त्रीले अगामी आर्थिक वर्षको प्रदेश सरकारको राजस्व र व्ययको अनुमान प्रत्येक वर्ष आषाढ महिनाको १ गते प्रदेश सभामा पेश गर्नुपर्ने र सोको साथमा राजस्व संकलन, मध्यकालीन खर्च संरचना, अनुदान, सार्वजनिक ऋण र लगानी सम्बन्धित नीतिगत व्यवस्थासहितको बजेट अनुमान गर्नुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को आय व्ययको अनुमान २०७४ चैत्र २९ गते प्रदेश सभामा पेश भएको देखिन्छ । प्रदेश सरकारको २०७४।७५ वार्षिक बजेट र सोको कार्यान्वयनस्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ:

८.१ सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने सम्बन्धमा प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस आर्थिक वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमात्र रहेको छ । जस अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको छ । वर्षभरिमा रु.६५ करोड २८ लाख ३५ हजार बजेट खर्च भएको छ । छोटो अवधिको लागि बजेट निर्माण गरेको र नयाँ स्थापना भएका मन्त्रालयलगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्न नसकेको कारण प्रस्तावित बजेटको ६३.६९ प्रतिशत मात्र खर्च भएको छ ।

८.२ यस आर्थिक वर्षको लागि रु.१ अर्ब २ करोड ५ लाख विनियोजन भएकोमध्ये चालु खर्चतर्फ रु. ६६ करोड ८५ लाख ८१ हजार अर्थात् ६५.२२ प्रतिशत र पुँजीगततर्फ रु.३५ करोड १९ लाख १९ हजार अर्थात् ३४.३३ प्रतिशत रहेको छ । उक्त विनियोजनमध्ये रु.६५ करोड २८ लाख ३५ हजार खर्च भएकोमा चालुतर्फ रु. ४३ करोड ५० लाख ५२ हजार अर्थात् ६५.०७ प्रतिशत र पूँजीगततर्फ रु२१ करोड ७७ लाख ८३ हजार अर्थात् ६१.८८ प्रतिशत खर्च भएको छ । प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका

कारण ती निकायको स्थापना र सञ्चालनको लागि चालु खर्च बढी हुने भएतापनि यस्तो खर्चलाई न्युनतम राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

८.३ बजेटमा समाबेश भएको नीति एवं कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा प्रदेश सरकारको आर्थिक व्यवस्थापनको लागि २०७४।७५ को आय व्यय अनुमान (बजेट बक्तव्य) मा उल्लेख भएबमोजिम प्रदेश गरिबका लागि खाद्यान्नसम्बन्धी कार्य, कृषि क्षेत्रको विकास,पर्यटक र प्रदेशको समृद्धिलाई स्वागत कार्यक्रम,जलश्रोत र ऊर्जा विकासको लागि संभाव्यता अध्ययन, भौतिक पूर्वाधार विकास सार्वजनिक निजी साँझेदारी ईकाई गठन, प्रदेशस्तरको सूचनाहरुलाई एकीकृत गर्नेसम्बन्धी कार्य कार्यान्वयन भएको देखिएन । बजेटमा समावेश नीति तथा कार्यक्रम कार्यान्वयको हुन नसकेको अवस्थामा बजेटको प्रभावकारिता कायम नहुने हुँदा बजेटमा समावेश कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ ।

८.४ प्रदेशको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नुअघि यस्तो व्यवस्था अपनाएको देखिएन ।

८.५ यस आर्थिक वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै कार्य अगाडि नबढेकोले सोको विवरण प्रस्तुत गरेको देखिएन भने प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्तिको कुनैपनि कार्य अगाडि नबढाएको कारण सो सम्बन्धी विवरण समेत समावेश भएको पाइएन । प्रदेशले आन्तरिक ऋण उठाउने विषय समेत बजेटमा समावेश नभएको स्थिति देखिएको छ ।

९. **सम्पत्ति व्यवस्थापन :** प्रदेश सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ३(७) अनुसार प्रदेश स्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर गर्ने कार्य आर्थिक मामिला तथा योजना मन्त्रालयलाई तोकेको छ । तर संघीय सरकार अन्तर्गत रहेका कृषि, वन, सिँचाई, सहकारी, भवन, खानेपानी, स्वास्थ्य लगायतका कार्यालयहरु प्रदेश सरकारअन्तर्गत रुपान्तरण तथा मर्ज भएको अवस्था छ । साविक कार्यालयले प्रयोग गरेको सम्पत्तिको एकीकृत विवरण तयार गरी सोको संरक्षण तथा सरकारी बाँकी रकमको लगत तयार गरी असुलउपर गर्ने कार्य भएको छैन । कानुनले तोके अनुसार मातहत कार्यालयको सम्पत्ति तथा सरकारी बाँकी रकमको लगत तयार गरी अद्यावधिक गर्नुपर्दछ ।

१०. **सिधै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम सार्वजनिक निकायले रु.२० लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा गर्नुपर्ने र सोही नियमावलीको नियम ९(क) बमोजिम खरिद सम्बन्धी सम्पूर्ण काम एउटै खरिद सम्झौताबाट हुन सक्ने वा काम पिच्छे छुट्टै खरिद सम्झौता गर्नुपर्ने भएमा यकिन गरेर मात्र खरिद गर्नुपर्नेमा ७ मन्त्रालय र १ सचिवालयले रु.६ करोड ५२ हजारको फर्निचर तथा कम्प्युटर लगायतका सामान सिधै खरिद गरेकोले नियमानुसार खरिद कार्य गर्नुपर्दछ ।

११. **आन्तरिक नियन्त्रण** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा प्रदेश तहका सबै लेखा उत्तरदायी अधिकृतहरुले कार्य सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृति अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र दफा २९ मा आन्तरिक नियन्त्रण प्रणालीको कार्यान्वयन अनुगमनका लागि सम्बन्धित निकायको लेखाउत्तरदायी अधिकृतको अध्यक्षतामा आन्तरिक नियन्त्रण समिति गठन गर्नुपर्ने व्यवस्था छ । ऐनमा उल्लिखित प्रावधान अनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ ।

१२. **सेवा प्रवाह -** सेवा प्रवाहलाई चुस्त र भरपर्दो बनाउने उद्देश्यले अङ्गीकार गरिएको संघीय शासन व्यवस्थाबमोजिम प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित गर्नुपर्दछ । प्रदेश सरकार सञ्चालन गर्न विभिन्न मन्त्रालयको लागि २३ कानुनमात्र पारित भएको, प्रदेशअन्तर्गतका १५५ केन्द्रीय तथा प्रदेशस्तरका निकायमा कुल स्वीकृत दरबन्दी ४१०७ मध्ये १६९२ पद रिक्त रहेको, उक्त दरबन्दी पदपूर्ति भई कार्यालयहरु पूर्णरुपमा सञ्चालनमा आउन बाँकी रहेको एवं २०७४।७५ को कुल वार्षिकबजेटको ६३.९७ प्रतिशत मात्र खर्च भएको छ । वार्षिक कार्यक्रमको कार्यान्वयन अवस्था कमजोर देखिएको, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा अन्य मन्त्रालयहरुले निर्माण गर्नुपर्ने प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण लगायत सेवा प्रवाहलाई नियमित र व्यवस्थित गर्ने नीति, मापदण्ड एवं कार्यविधि निर्माणको कार्य बाँकी रहेको एवं सेवाग्राही सन्तुष्टी तथा सेवा प्रवाहको अनुगमन लगायतको कार्य हुन

बाँकी रहेको कारण प्रदेश सरकारबाट अपेक्षितरुपमा सेवा प्रवाह हुन सकेको छैन । प्रदेश सरकारको संस्थागत, प्राविधिक र स्रोत परिचालन क्षमता वृद्धि गरी सेवा प्रवाहलाई चुस्त र प्रभावकारी बनाउनु पर्दछ ।

१३. **वित्तीय जवाफदेहिता :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९५ वमोजिम प्रत्येक निकायबाट सम्पादन गरिने कार्यहरु मितव्ययी, कार्यदक्षता र प्रभावकारी ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुनबमोजिम कार्यसम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण व्यवस्था तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयहरुको संस्थागत शासन व्यवस्था र वित्तीय व्यवस्थापनको जवाफदेहिता तथा उत्तरदायित्व पालनासम्बन्धी मूल्यांकन सूचीअनुसार मन्त्रालयहरुको आन्तरिक नियन्त्रण प्रणाली पर्याप्त नरहेको, जिन्सी निरीक्षण प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय सूचना प्रणाली प्रयोग र त्यसको उपयोगको अवस्था कमजोर रहेको, विद्युतीय माध्यमबाट सेवा प्रवाहको अवस्था नरहेको, एकद्धार सेवा प्रणाली कार्यान्वयनमा नआएको, सेवाको गुणस्तर सुधारको लागि उपयूक्त उपायको अबलम्बन नगरेको तथा सार्वजनिक निर्माण तथा खरिद कार्यको गुणस्तर निक्यौंलको स्थिति कमजोर रहेको छ । ऐन नियमले तोकेका कार्यहरु समयमै सम्पादन हुनेगरी वित्तीय व्यवस्थानको जवाफदेहिता तथा उत्तरदायित्वको स्तरमा सुधार गर्नुपर्दछ ।

# परिच्छेद-३
# मन्त्रालय र निकायगत व्यहोरा

## प्रदेश सभा सचिवालय

नेपालको संविधानबमोजिम संघीय संरचना ७ प्रदेशमा विभाजन गरिएको छ । यस प्रदेशको प्रादेशिक शासन १४ जिल्लामा कायम भएको छ । संविधानको धारा १७६ बमोजिम गठित प्रदेश सभामा प्रत्यक्ष निर्वाचित प्रणाली र समानुपातिक निर्वाचन प्रणालीबाट ९३ सदस्यीय प्रदेश सभा रहेको छ । प्रदेश सभामा सभामुख र उपसभामुख तथा विभिन्न समितिहरु, संसदीय दलहरु, प्रमुख सचेतकहरु, सचेतकहरु, जस्ता संरचना रहेका र उक्त संरचनाहरुलाई मर्यादित रुपमा व्यवस्थापन गर्नको लागि प्रदेश सभा सचिवालयको व्यवस्था भएको हो ।

यो वर्ष विनियोजन रु.१२ करोड ३५ लाख ४ हजार, राजस्व रु.७५ हजार, धरौटी रु.११ लाख ७७ हजार समेत रु.१२ करोड ४७ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था गरेको छ । सचिवालयले पटक पटक गरी रु.५० लाख ९९ हजारको सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

२. **पदाधिकारीको सुविधा** : प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ शपथ ग्रहण गरेको मितिदेखि निम्नानुसारको सुविधा पाउने गरी ऐन पारित भई खर्च भुक्तानी भएको छ ।

| सुविधाको किसिम | इकाई दर | सभामुख | उप-सभामुख/प्रतिपक्ष दलको नेता | मुख्य सचेतक/प्रमुख सचेतक/सभापति | प्रदेश सभा सदस्य |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक रु. | ५३,०००/- | ५०,०००/- | ४९,०००/- | ४५,०००/- |
| आवास सुविधा | मासिक रु. | आवास दिने | आवास दिने/रु.२५,०००/- | २५,०००/- | १५,०००/- |
| फर्निचर | एकमुष्ट रु. | - | १५,०००/- | १५,०००/- | १५,०००/- |
| निजी सचिवालय बस्दोबस्त | मासिक रु. | २,०००/- | १,७५०/- | १,७५०/- | - |
| सवारी | वटा | १ | १ | - | - |
| सवारी इन्धन | मासिक/लिटर | १२५ | १०० | - | - |
| मोविल | त्रैमासिक/लिटर | १० | ५ | - | - |
| यातायात सुविधा | प्रति दिन | - | - | - | ७५०/- |
| संञ्चार सुविधा | प्रति महिना रु. | १०,०००/- | ५,०००/- | ५,०००/- | ५,०००/- |
| धारा बिजुली | प्रति महिना रु. | बिलबमोजिम | बिलबमोजिम/१,५००/- | १,५००/- | १,५००/- |
| दैनिक भत्ता, स्वदेश | प्रतिदिन रु. | २,५००/- | २,०००/- | २,०००/- | २,०००/- |
| दैनिक भत्ता, विदेश | प्रतिदिन यु.एस.डलर | २००.०० | १७५.०० | १७५.०० | १७५.०० |
| अतिथि सत्कार | प्रति महिना रु. | ३,०००/- | २,५००/- | २,५००/- | १,०००/- |

३. **एउटा सुविधामात्र पाउने :** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १४ अनुसार कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारी वा सदस्यमा निर्वाचित वा मनोनित भएमा त्यस्तो पदाधिकारी वा सदस्यले निवृत्तभरण वा यस ऐन बमोजिमको सुविधामध्ये एक मात्र पाउने व्यवस्था रहेको छ । प्रदेश सभाका सम्पूर्ण पदाधिकारी तथा सदस्यले ऐनमा तोकिएको पारिश्रमिक लिंदा स्वघोषणा

नगरेकोले दोहोरो सुविधा लिए नलिएको यकिन गर्न सकिएन । अतः पदाधिकारी तथा सदस्यलाई घोषण गर्न लगाई सुविधा दोहोरो नपरेको सुनिश्चित गर्नुपर्दछ ।

४. **घरभाडा :** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक र सुविधा सम्वन्धी ऐन, २०७५ अनुसार सभामुख उप सभामुख र प्रतिपक्ष दलका नेता, मुख्य सचेतक, प्रमुख सचेतक, समितिका सभापति र सदस्यलाई मासिक रु.१५ हजारका दरले घरभाडा २०७४ माघ देखि २०७५ असारसम्मको ९१ जनालाई भुक्तानी गर्दा रु.१५ हजारका दरले रु.५५ लाख ८० हजार खर्च भएको देखिन्छ । घरभाडा भुक्तानी गर्दा प्रदेश सदरमुकाममा घर हुने नहुनेलाई समानरुपले तोकिएको घरभाडा उपलब्ध गराएको छ । प्रदेश राजधानीमा घर नहुनेलाई मात्र घरभाडा उपलब्ध गराउनु पर्दछ ।

५. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐनअन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोहीबमोजिम र अन्यकुराको हकमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(३) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । सचिवालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

६. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा सबै सरकारी निकायहरुले आफ्नो कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । सचिवालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरीक्षण गराई कारबाही नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

७. **वित्तीय प्रतिवेदन सार्वजनिक :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गनुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । सचिवालयले सो बमोजिम वित्तीय प्रवितेदनहरु सार्वजनिक गरेको देखिएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ ।

- **बेरुजू स्थिति –** सचिवालयको लेखापरीक्षणबाट लगती बेरुजूदेखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने, प्रदेश मन्त्रिपरिषदमा पेश हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण गर्ने र प्रदेश प्रमुखको निर्देशन कार्यान्वियन र प्रतिवेदन गर्ने उद्देश्यले यस कार्यालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ९ लाख २३ हजार, राजस्व रु.२४ हजार र धरौटी रु.३ लाख ५८ हजार समेत रु.२ करोड १३ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **नीति तर्जुमा**-प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मरिन्त्रपरिषद्को कार्यालयले गर्नुपर्ने मुख्य मुख्य कार्यमध्ये गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापनसम्बन्धी कानुन तर्जुमा, प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन, प्रदेश स्तरीय तालिम, नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण तथा राष्ट्रिय र प्रदेशस्तरका तालिम केन्द्रको सम्पर्क एवं समन्वय, प्रदेशस्तरको सार्वजनिक सेवा प्रवाहको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टी सर्भेक्षण तथा सेवा प्रवाहको अनुगमन, प्रदेशस्तरिय मानव संशाधन विकास योजना तर्जुमा र कार्यान्वयन र प्रदेशको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वन नीतिहरु तर्जुमा भएको देखिएन ।

२. **सुविधा भुक्तानी :** मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन, २०७४ ले निम्नानुसारको सुविधा पाउने व्यवस्था गरेकोले मुख्यमन्त्री तथा मन्त्रीको पारिश्रमिकमा रु.१५ लाख ५८ हजार तथा इन्धन खर्चमा रु.१ लाख ४९ हजार खर्च भएको छ ।

| सुविधाको किसिम | इकाई दर | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायकमन्त्री |
|---|---|---|---|---|---|
| पारिश्रमिक | मासिक | ६०९७० | ५२००० | ४९००० | ४७००० |
| आवास सुविधा | मासिक | आवास दिने | आवास दिने नभएमा रु. २५०००। | आवास दिने नभएमा रु.२००००। | आवास दिने नभएमा रु.२००००। |
| फर्निचर | एकमुष्ट | उपलव्ध गराउने | उपलव्ध गराउने | उपलव्ध गराउने | उपलव्ध गराउने |
| सवारी | वटा | २ | १ | १ | १ |
| सवारी इन्धन | मासिक लिटर | २५० | २०० | १५० | १२५ |
| मोविल | त्रैमासिक लिटर | १५ | १० | ७ | ७ |
| सञ्चार सुविधा | प्रति महिना रु. | ३००० | २५०० | २००० | २००० |
| धारा बिजुली | प्रति महिना रु. | विल अनुसार | २५०० | २००० | २००० |
| दैनिक भत्ता (स्वदेश) | प्रतिदिन रु. | ३००० | २५०० | २००० | २००० |
| दैनिक भत्ता (बिदेश) | प्रतिदिन/ अमेरिकी डलर | २२५ | २०० | १७५ | १७५ |
| अतिथि सत्कार | प्रति महिना रु. | १०००० | ७००० | ५००० | ३००० |

३. **संगठन तथा कर्मचारी व्यवस्थापन :** स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने भएता पनि कार्यालयले उपलब्ध गराएको दरबन्दी विवरण अनुसार विभिन्न तहको ५२ पदको दरबन्दी मध्ये १९ पदपूर्ति भई ३३ रिक्त रहेको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

४. **संगठन तथा व्यवस्थापन सर्भेक्षण :** प्रदेश सरकारको (कार्यविभाजन) नियमावली, २०७४ को अनुसार प्रदेशस्तरका सरकारी निकायको संगठन तथा व्यवस्थापन सर्भेक्षण र व्यवस्थापन परीक्षण गरी सम्बन्धित संघीय मन्त्रालयमा पठाएकोमा लेखापरीक्षण अवधि २०७५।१०।२९ सम्म पनि स्वीकृत भइसकेको छैन । संगठन संरचना स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

५. **सोभै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । कार्यालयले पटक पटक गरी रु. ८० लाख ५१ हजार प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

६. **नीतिगत मार्गदर्शन :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र उपलब्ध गराइने सवारी साधनको किसिम, इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने व्यवस्था छ । मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययिता हुन सकेको छैन । मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण :** प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यस कार्यालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा भ्रमण प्रतिवेदन नलिएको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

८. **वित्तीय प्रतिवेदन सार्वजनिक :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । कानुनको परिपालना गरी वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

९. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐनअन्तरर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित हुने भएकोले आर्थिक कार्य विधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागतसहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

- बेरुजू स्थिति – कार्यालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजू देखिएको छैन । यस सम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन, नियमन लगायत प्रदेशस्तरको आर्थिक श्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, आर्थिक विकासमा सार्वजनिक, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारी एवं समन्वय र सहकार्यसम्बन्धी नीति, मापदण्ड बनाउने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु..२३ करोड ४४ लाख ७१ हजार राजस्व रु.१६ हजार र धरौटी रु.९३. हजारसमेत रु.२३ करोड ४५ लाख ८० हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **बजेट कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक बजेट र सोको कार्यान्वयन स्थिति विश्लेषण गर्दा निम्नानुसार देखिएको छ :-

१.१. सरकार सञ्चालनको मूल आधार राजस्व संकलन र परिचालन भएतापनि २०७४।७५ मा प्रदेश सरकारले आफ्नो अधिकार क्षेत्रभित्रको कुनैपनि विषयमा कर लगाउने र उठाउने प्रस्ताव नगरेको कारण वार्षिक आय व्यय विवरण (बजेट) मा राजस्वको अनुमान समावेश गरेको पाइएन । यस वर्षमा प्रदेश सरकारको आम्दानीको स्रोत नेपाल सरकारबाट प्राप्त हुने समानीकरण अनुदानमात्र रहेको देखियो । जस अनुसार संघीय सरकारबाट प्राप्त हुने अनुदान रु.१ अर्ब २ करोड ५ लाख प्रदेश सरकारको कुल बजेट रहेको देखिन्छ । वर्षभरिमा रु.६५ करोड २८ लाख ३५ हजार बजेट खर्च भएको छ । छोटो अवधिको लागि बजेट निर्माण गरेको र नयाँ स्थापना भएका मन्त्रालय लगायतका संरचनाहरुले बजेटमा प्रस्ताव गरे अनुसारका कार्यक्रमहरु कार्यान्वयन हुन नसकेको कारण बजेटको ६३.६९ प्रतिशत मात्र खर्च भएको देखिन्छ ।

१.२. यस वर्षको विनियोजन रु.१ अर्ब २ करोड ५ लाख चालु खर्चतर्फ ६६ करोड ८५ लाख ८१ हजार अर्थात् ६५.२२ प्रतिशत र पुँजीगततर्फ रु.३५ करोड १९ लाख १९ हजार अर्थात् ३४.३३ प्रतिशत रहेको छ । उक्त विनियोजन मध्ये चालुतर्फ रु. ४३ करोड ५० लाख ५२ हजार अर्थात् ६५.०७ प्रतिशत र पुँजीगततर्फ रु.२१ करोड ७७ लाख ८३ हजार अर्थात् ६१.८८ प्रतिशत खर्च भएको र प्रदेश मन्त्रालय र निकायहरु यसै आर्थिक वर्षमा स्थापना भएका कारण ती नियकायको स्थापना र सञ्चालनमा चालु खर्च बढी हुने भएकोले यस्तो खर्चलाई न्युनतम राख्न सुरुदेखि नै सरकारी खर्चमा मितव्ययिताको नीति अवलम्बन गर्नुपर्दछ ।

१.३. प्रदेशको आर्थिक वर्षको बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने र खर्च संरचना तयार गर्दा आवधिक विकास योजना बनेको भए सोलाई मार्गदर्शनको रुपमा अङ्गीकार गर्नुपर्नेमा २०७४।७५ को बजेट तर्जुमा गर्नुअघि मन्त्रालयले यस्तो व्यवस्था अपनाएको देखिएन ।

१.४. यस वर्षमा ऋण लगानी तथा दायित्व सम्बन्धी विषयमा कुनै कार्य अगाडि बढेको देखिएन । साथै प्रदेश सरकारबाट वैदेशिक सहायता प्राप्तिको कार्य अगाडि नबढाएको कारण बजेटमा सो सम्बन्धी विवरण समेत समावेश भएको पाइएन ।

१.५. यस वर्ष प्रदेशलाई समानीकरण अनुदान मात्र प्राप्त भएकोले सो मात्र बजेटमा समावेश गरेको देखिन्छ । यो वर्ष प्रदेशलाई समपुरक र विशेष अनुदान प्राप्त भएको देखिएन ।

२. **बजेट हस्तान्तरण** : मन्त्रालयको २०७५।२।२८ को निर्णय अनुसार विभिन्न स्थानीय निकायहरुको योजनाहरुलाई शशर्त अनुदान पठाउन २०७५।२।२३ को मन्त्रीस्तरीय निर्णय अनुसार प्रदेश नं. १ का १३७ स्थानीय तहमध्ये १२४ लाई न्यूनतम १ लाख (मकालु गाउँपालिका संखुवासभा) र अधिकतम (ईटहरी नगरपालिका सुनसरी) १ करोड दिनेगरी मन्त्रालयले योजनाको सूची सहितकुल रु.२० करोड ८ लाख १० हजारको चेक हस्तान्तरण गरेकोमा केही स्थानीय तहले छोटो अवधिमा बजेट कार्यान्वयन गर्न नसक्ने भनी रु.३६ लाख ३८ हजार फिर्ता गरेकोले रु.१९ करोड ७१ लाख ७२ हजार स्थानीय तहमा हस्तान्तरण भएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् :

आर्थिक कार्यविधि नियमावली, २०६४को नियम १९ मा प्रत्येक कार्यालयले आर्थिक वर्षको लागि वजेट तर्जुमा गर्दा तालुक कार्यालयको निर्देशन तथा अर्थ मन्त्रालयले निर्धारण गरेको बजेट सीमाको अधिनमा रही आगामी आर्थिक वर्षको लागि बजेट तर्जुमा गर्नुपर्ने व्यवस्था रहेको छ । मन्त्रालयले तयार गरेको योजनाको

सूची अनुसार अधिकांश बाटो मर्मत तथा बाटो निर्माण, सिँचाई कुलो मर्मत, खानेपानी योजनाका मर्मत, विद्यालय भवन मर्मत, खेलमैदान निर्माण, गुम्बा निर्माण, गैर सरकारी निकायको भवन निर्माणको योजनासमावेश गरी सयौं योजनाका लागि रकम हस्तान्तरण गरेको छ । तर सम्बन्धित निकायले बजेट माग गरेको नदेखिँदा योजनाको छनौटको आधार स्पष्ट भएन । स्थानीय तहबाट छनौट भै आएका योजनामा मात्र खर्च गर्ने गरी बजेट हस्तान्तरण गर्नुपर्दछ ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी सोझै खरिद रु.७९लाख४१ हजारको विभिन्न सामान खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनु पर्दछ ।

४. **संगठन तथा कर्मचारी व्यवस्थापन :-** मन्त्रालयमा स्वीकृत दरबन्दीअनुसार पदपूर्ति गर्नुपर्ने भए तापनि कार्यालयले उपलब्ध गराएको दरबन्दी विवरण अनुसार कार्यालयमा विभिन्न तहको ४७ पदको दरबन्दी मध्ये स्थायीतर्फ २१ पदपूर्ति र ९ जना करारमा नियुक्ति भएको छ । स्वीकृत दरबन्दीबमोजिम १७ पद रिक्त रहेको देखिन्छ । दरबन्दीअनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण प्रणाली** :- प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ अनुसार प्रदेशतहका सबै सरकारी निकायहरुको आफ्नो र अन्तर्गतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्नेमा मन्त्रालयमा हालसम्म अन्तरिक नियन्त्रण प्रणाली लागु गरेको देखिएन ।

६. **मध्यकालीन खर्च संरचना :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी तीन आर्थिक वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले मध्यकालिन खर्च संरचना तयार गरेको देखिएन । अतः कानुन बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्दछ ।

७. **बजेट तथा कार्यक्रमको मूल्यांकन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा **कार्य**क्रम कार्यन्वयन अवस्थाको मूल्यांकन गरी मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा सो अवधि समाप्त भएको दुई महिनाभित्र राजस्व, खर्च, आयोजना र कार्यक्रम संचालन गर्न प्राप्त हुने वैदेशिक अनुदान तथा ऋणको अनुमान, प्राप्ति तथा परिचालनको यथार्थ विवरण, प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमहरुको कार्यन्वयन अवस्था, अन्य आवश्यक विवरणहरु सार्वजनिक गर्नुपर्ने व्यवस्था छ ।

मन्त्रालयले बजेट तथा कार्यक्रमको मूल्यांकन नगरेको कार्यक्रमबाट अपेक्षित उपलब्धि हासिल भए-नभएको यकिन हुन अवस्था नरहेकोले आवधिक तथा वार्षिक कार्यक्रम मूल्यांकन हुनुपर्दछ ।

८. **वित्तीय प्रतिवेदन सार्वजनिक :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गनुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गरी वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ ।

९. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनिसकेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागतसहित अगामी वर्षमा पनि चालु राख्नु पर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशिर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन । यो वर्ष पूँजीगत बजेट रु.३ करोड ८९ लाख ९ हजार मध्ये रु.२ करोड ५९ लाख ३ हजार खर्च भई ६६.५७ प्रतिशतमात्र वित्तीय प्रगति भएको छ ।

१०. **नीतिगत मार्गदर्शन :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको कार्यकक्षको फर्निसिङ र सवारी साधनमा एकरुपता ल्याउन

निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने व्यवस्था छ । मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययिता हुन सकेको छैन तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

११. **अग्रिम आय कर :-** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार अन्य भुक्तानीमा १५% अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले राजस्व अध्ययन, सुझाव पेश गर्न गठित कार्यदलका पदाधिकारीहरुलाई, रु.२३ लाख ९ हजार भुक्तानी गरेकोमा रु.३३ हजार असुल गर्न छुट भएकोले असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्दछ ।

**प्रदेश लेखा नियन्त्रक कार्यालय**

१२. **प्रदेश आर्थिक प्रशासन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश लेखा नियन्त्रक **कार्या**लयको जिम्मेवारी प्रदेश भित्रको आर्थिक प्रशासन सञ्चालन गर्ने रहेको छ । प्रदेश तहका सबै कार्यालयमा लेखा अभिलेख व्यवस्थित गर्न प्रयाप्त लेखा समूहका कर्मचारीको व्यवस्था हुनु पर्दछ । आन्तरिक लेखापरीक्षणलाई स्वतन्त्र, निस्पक्ष र प्रभावकारी बनाउन आन्तरिक लेखापरीक्षण र आर्थिक प्रशासन सञ्चालनका लागि अलग कर्मचारी खटाउने व्यवस्था भएकोमा तद्अनुरुप कर्मचारीको व्यवस्था गरेको नदेखिदा आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी भएको पाइएन ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.३३ हजार लगती बेरुजू देखिएको छ । यस सम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेशमा शान्ति सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन, नियमन सूचना संकलन, मूल्यांकन र प्रतिवेदन तथा संघसंगको समन्वय र सहकार्यमा सहप्रशासन, कानुन निर्माण र प्रदेश स्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण, अनुगमन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.७ करोड ५६ लाख १२ हजार, राजस्व रु.१७ हजार र धरौटी रु.४ लाख ८ हजार समेत रु.७ करोड ६० लाख ३७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी रु.१ करोड १२ लाख ६० हजारको मालसामान सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

२. **प्रगति प्रतिवेदन :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४१(३) मा सालबसाली प्रकृतिका बाहेक विशेष प्रकारका पटके कार्यक्रमका लागि कुनै सरकारी वा गैरसरकारी कार्यालयलाई दिएको निकासा सम्बन्धमा प्रगति प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । मन्त्रालयले ३ नगरपालिकालाई रु. २१ लाख ९२ हजार निकासा दिएकोमा प्रगति प्रतिवेदन पेश भएको छैन ।

३. **नीतिगत मार्गदर्शन, २०७५ को कार्यान्वयन –**सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ मा कार्यालय भवन, पदाधिकारीको फर्निसिङ र सवारी साधनमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी, साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने नीतिगत व्यवस्था छ। मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययी भएको छैन । तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण:** मन्त्रालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा भ्रमण प्रतिवेदन नलिएको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

५. **वित्तीय प्रतिवेदन** : प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गनुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाइएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ ।

६. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्य विधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गतबनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुनबमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन । यो वर्ष पुँजीगत वजेट रु.३ करोड ५५लाख ९२ हजार मध्ये रु.१ करोड ४७ लाख ७८ हजार खर्च भई ४१.५१ प्रतिशतमात्र वित्तीय प्रगति भएको छ ।

७. **संगठन तथा कर्मचारी व्यवस्थापनः** मन्त्रालयमा स्वीकृत दरबन्दीअनुसार पदपुर्ति गर्नुपर्ने भएतापनि कार्यालयले उपलब्ध गराएको दरबन्दी विवरणअनुसार विभिन्न तहको ३८ पदको दरबन्दी मध्ये २२ पदपूर्ति भई १६ पद रिक्त रहेको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयवाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.२१ लाख ९२ हजार लगती बेरुजू देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ३ मा रहेको छ ।

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

व्यापार वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन ऐन, नियम, खानी तथा खनिज पदार्थको अन्वेषणसम्बन्धी प्रादेशिक नीति, प्रदेशस्तरको संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन, प्रदेशभित्र भूस्खलन नियन्त्रण जस्ता कार्य गर्नेगरी यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.४ करोड १८ लाख ४६ हजार , राजस्व रु.३ हजार र धरौटी रु.३ लाख ६७ हजारसमेत रु. ४ करोड २२ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छनः

१. **संगठन तथा कर्मचारी व्यवस्थापन :** मन्त्रालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने भए तापनि उपलब्ध गराएको दरबन्दी विवरणअनुसार विभिन्न तहका ३८ पदको दरबन्दी रहेकोमा २९ पदको पदपूर्ति भएको र ९ पद रिक्त रहेको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी वनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

२. **सिधै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनीबाट एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी रु.४९ लाख ५३ हजारको सामान सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

३. **वन, जल र वातावरण :** प्रदेशको दिगो विकासमा वन क्षेत्रको भूमिका महत्वपूर्ण रहेको छ । प्रदेशमा रोजगारीको सिर्जना, आय वृद्धि, स्थानीय समुदायको आधारभूत आवश्यकता (काठ, दाउरा, घाँसपात, गैर काष्ठ वन पैदावारहरु) को आपूर्तिका साथै कृषि, पशुपालन, पर्यटन र सिँचाइमा समेत वन क्षेत्रको भूमिका उल्लेखनीय रहेको छ । वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण, वन सम्बन्धी द्वन्द्व व्यवस्थापन, वन फडाँनी, विपद जोखिम न्यूनीकरण, वनमा आश्रित समुदायका लागि दिगो अनुकूलन कार्यक्रम सञ्चालन गरी वन तथा वातावरण क्षेत्रको व्यवस्थापन गर्नु प्रदेश सरकार समक्ष धेरै चुनौति रहेका छन् । प्रदेश सरकारले वन स्रोतको घनत्व, विविधता र वन उद्यमशीलता सिर्जना गर्न सक्ने गरी कार्यक्रम कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ ।

४. **प्रमाण कागजात** : आर्थिक मामला तथा योजना मन्त्रालयबाट स्वीकृत कार्यक्रम अनुसार प्रदेश नं १ का १४ जिल्ला वन कार्यालयहरुलाई कार्यक्रम सञ्चालन गर्न दिईएको रु.८१ लाख ७५ हजार रकम कार्यक्रम सञ्चालन गरी ६ कार्यालयको रु.३९ लाख १६ हजारको बिल भपाई तथा प्रगति विवरण पेश भएन । यसै गरी आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्वीकृत कार्यक्रम अनुसार प्रदेश नं.१ का २२ स्थानीय निकायहरुलाई २५ कार्यक्रमको लागि निकासा भएको रकम स्वीकृत लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएपछि फछ्र्यौट गर्ने गरी रु.१ करोड ३५ लाख निकासा दिईएकोमा कार्यक्रम सञ्चालन गरी स्वीकृत लागत अनुमान, सम्झौता र कार्यसम्पन्न प्रतिवेदन प्राप्त भएन ।

५. **कानुनको तर्जुमा :** प्रदेश सरकारको (कार्यविभाजन) सम्बन्धी नियमावली, २०७४ अनुसार व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण सम्बन्धी कानुनको तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । तर उक्त कानुन निर्माण नभएकोले प्रदेशस्तरीय कानुनको निर्माण गरी कार्यान्वयन गर्नुपर्दछ ।

६. **जैविक विविधता :** प्रदेश सरकारको (कार्यविभाजन) सम्बन्धी नियमावली, २०७४ अनुसार प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन नियमन संरक्षण एवं लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । विगत वर्षहरुमा संघीय सरकारले जैविक विविधताको सन्दर्भमा गरेका अनुसन्धानात्मक कार्यहरुको स्वामित्व लिई व्यवस्थापन नियमन र लाभांश बाँडफाँडको नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

७. **संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति :** वन्यजन्तु तथा संरक्षण क्षेत्रको कार्य संघीय सरकारको मातहत रहेको सन्दर्भमा कार्य विभाजन नियमावली, २०७४ मा उल्लेखित संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धती निर्धारणको लागि प्रदेश स्तरमा थप संरक्षण क्षेत्रको पहिचान गरी व्यवस्थापकीय पद्धति निर्धारण गर्नुपर्दछ ।

८. **कार्यविभाजन कार्यान्वयनको अवस्था :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा मन्त्रालयले गर्ने कार्य ६२ वटा तोकिएकोमा २०७४।७५ मा मन्त्रालयले प्रादेशिक वन नीति, प्रादेशिक औधोगिक नीति प्रादेशिक वाणिज्य नीति र प्रादेशिक पर्यटन नीतिको मस्यौदाको तयारी गरेको देखियो । मन्त्रालयको कार्य विवरणमा उल्लेखित वन्यजन्तु र चराचुरङ्गीसम्बन्धी वातावरणसम्बन्धी, पर्यटन विकास, उपभोक्ता अदालत गठन र सञ्चालन, खानी तथा खनिज पदार्थको अन्वेषण आदिको कार्यहरुमा आवश्यक पर्ने ऐन, नियम, कानुन कार्यविधि वनाएको देखिएन । आवश्यक पर्ने कानुनहरुको अविलम्ब निमार्ण गर्नुपर्दछ ।

९. **आन्तरिक नियन्त्रण :** मन्त्रालयले प्रचलीत ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मुल्यांकन गर्दा भ्रमण प्रतिवेदन नलिएको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुढृढ बनाउनु पर्दछ ।

१०. **वित्तीय प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले ७ दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रवितेदनहरु सार्वजनिक गरेको पाइएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ ।

११. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित हुने र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागतसहित आगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पूँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन । यो वर्ष पूँजीगत खर्चको ६४ प्रतिशतमात्र वित्तीय प्रगति भएको छ ।

८. **नीतिगत मार्गदर्शन :** –सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने नीतिगत मार्गदर्शन, २०७५ मा कार्यालय भवन, पदाधिकारीको फर्निसिङ र सवारी साधनमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी, साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने नीतिगत व्यवस्था छ । मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययी भएको छैन । तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयले यो वर्ष रु. १ करोड ७४ लाख २१ हजार लगती बेरुजू देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेशभित्रको कृषि, कृषि उत्पादन, पशु विकास तथा खाद्य पोषण खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.२ करोड ३१ लाख ३६ हजार, राजस्व रु.१२ हजार र धरौटी रु.१ लाख १० हजार समेत रु.२ करोड ३२ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **कर्मचारी व्यवस्थापन :** मन्त्रालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने भए तापनि मन्त्रालयले उपलब्ध गराएको दरबन्दी विवरणअनुसार विभिन्न तहका ४७ पदको दरबन्दी मध्ये ३० पदपूर्ति भई १७ पद रिक्त भएको देखिन्छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी र दीगो बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

२. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी रु.७६ लाख ३० हजारको मालसामान सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

३. **वित्तीय प्रतिवेदन :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गनुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रतिवेदनहरु सार्वजनिक गरेको पाईएन । अतः कानुनको परिपालना गर्नुपर्ने देखिन्छ ।

४. **बाली संरक्षण प्रयोगशाला :** विराटनगर महानगरपालिका अन्तर्गत संचालित हुने कृषि थोक बजारमा विषादी परीक्षण गर्ने प्रयोजनका लागि रु. २४ लाख ४४ हजारको ल्यावका सामानहरु खरिद सम्झौता अनुसार परीक्षण भई भुक्तानी गर्ने शर्त रहेकोमा परीक्षणबेगर स्टोरमा दाखिला भएको र लेखापरीक्षण अवधिमा समेत जडान नभई स्टोरमा रहेको छ । मेशिनको मर्मत सम्भार अवधि १ वर्ष रहेकोमा मेशिन जडान नगरी सो अवधि समाप्त हुने अवस्था देखिएको छ ।

५. **आन्तरिक नियन्त्रण :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २८ मा सबै सरकारी निकायहरुले आफ्नो कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरिक्षण गराई सोमाथि कारवाही नगरेको, कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

६. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारअन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत तर्फका कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

७. **नीतिगत मार्गदर्शन** : – सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ मा कार्यालय भवन, पदाधिकारीको फर्निसिङ र सवारी साधनमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी, साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने नीतिगत व्यवस्था छ । मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययी भएको छैन । तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

- **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.२४ लाख ७६ हजार लगती बेरुजू देखिएको छ । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेशस्तरको सडक, ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी जल उत्पन्न प्रकोप र (नदी तथा पहिरो) व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान नीति, कानुन, मापदण्ड, गुरुयोजना कार्यान्वयन समन्वय र नियमन गर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.१० करोड ९८ लाख ८२ हजार, राजस्व रु.२५ हजार र धरौटी रु.१३ लाख ४१ हजार समेत रु.११ करोड १२ लाख ४८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन् ।

१. **संगठन तथा कर्मचारी व्यवस्थापन :** मन्त्रालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्ने भएतापनि उपलब्ध दरबन्दी विवरणअनुसार विभिन्न तहका ५५ पदको दरबन्दी मध्ये ३३ पदपूर्ति भई २४ पद रिक्त रहेको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ

२. **प्रमाण कागजात** : झापा, मोरङ, सुनसरी, उदयपुर जिल्लाहरुमा जलउत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी कार्य गर्न प्रदेश मन्त्रिपरिषद्को २०७५।२।९ को निर्णयअनुसार जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालय झापा र मोरङलाई कार्यसम्पन्न पश्चात आर्थिक तथा भौतिक प्रगति विवरण, फोटो, भिजुयल तथा आवश्यक कागजात सहितको कार्यसम्पन्न प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने र योजनाको कार्यसम्पन्न भई सकेपछि सम्बन्धित जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन कार्यालयबाट लेखापरीक्षण गरी प्रतिवेदन भौतिक पूर्वाधार मन्त्रालयमा पठाउने गरी जलउत्पन्न प्रकोप व्यवस्थापन डिभिजन र मन्त्रालयबीच सम्झौता भएको छ । उक्त सम्झौताबमोजिम रु.२।२ करोड ती डिभिजनलाई उपलब्ध गराएकोमा सम्झौता शर्तबमोजिमका प्रमाण कागजात लेखापरीक्षणमा पेश भएन ।

३. **लेखापरीक्षण** -स्वीकृत कार्यक्रमअनुसार सतासीधाम झापाको सामुदायिक भवन निर्माणको लागि शहरी विकास तथा भवन निर्माण विभाग, डिभिजन कार्यालय ईलाम सँग आर्थिक तथा भौतिक प्रगति विवरण, फोटो, भिजुयल तथा आवश्यक कागजात सहितको कार्य सम्पन्न प्रतिवेदन र लेखापरीक्षण गराई प्रतिवेदन मन्त्रालयमा पेश गर्ने सम्झौता अनुसार रु. १० लाख रकम दिएकोमा सम्झौताको शर्त बमोजिका प्रमाण कागजात लेखापरीक्षणमा पेश भएन ।

४. **परामर्श सेवा** : सार्वजनिक खरिद नियमावली, २०७४ को नियम ७० अनुसार २० लाख रुपैया भन्दा माथिको परामर्शसेवा खरिद गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० अनुसार खुल्लारुपमा आसयपत्र मागी संक्षिप्त सूची तयार गर्नुपर्ने र सूचीमा परेका फर्मसँग आर्थिक तथा प्राविधिक प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । प्रदेश नं.१ अन्तर्गत विभिन्न जिल्लाको सडक, पुल, नदी नियन्त्रण, भ्यू टावर, खानेपानी, सिँचाइ, झोलुङ्गेपूल, एकीकृत विकास सम्बन्धी कार्य र सेनिटरी डिजाईन जस्ता योजनाहरुको डिटेल डिजाईन तथा लागत अनुमान गर्नका लागि रु.२० लाख भन्दा घटीका २४ वटा लागत अनुमान गरी रु.३ करोड ५३ लाख ४० हजारको कार्य बोलपत्र वेगर गराएको छ । यस सम्बन्धि व्यहोरा निम्न अनुसार देखिएको छ ।

४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्शसेवाको लागत अनुमान गर्दा सम्बन्धित मन्त्रालयले परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स, सम्बन्धित परामर्श सेवाको कार्य क्षेत्रगत शर्त, सम्बन्धित सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकाय वा अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद कार्य गर्दा लागेको वास्तविक लागतको आधार लिई लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा लागत अनुमान तयार गरेको आधार स्पष्ट छैन ।

४.२ प्रदेश १ अन्तर्गत विभिन्न जिल्लाको सडक पुल, नदी नियन्त्रण, भ्यू टावर, खानेपानी, सिँचाई, झोलुङ्गेपूल निर्माण, एकीकृत विकास सम्बन्धी कार्य, भवनको आर्किटेक्चरल स्टक्चरल,इलेक्टीकल र सेनिटरी डिजाईन जस्ता योजनाहरुको डिटेल डिजाईन तथा लागत अनुमानमा यो वर्ष रु.३ करोड ५३ लाख ४० हजार खर्च गरेको छ । लागत अनुमान तयार भएको योजनाहरुको निर्माण तथा बजेटको सुनिचितता नगरेकाले परामर्शसेवामा भएको खर्च सदुपयोग हुने अवस्था रहेको छैन ।

४.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ अनुसार परामर्श सेवाको लागत अनुमान तयार गर्दा ओभरहेड समावेश गर्न नमिल्नेमा मन्त्रालयले लागत अनुमान गर्दा १५ प्रतिशत ओभरहेड समेत समावेश गरी २४ संझौतामा रु.४६ लाख १० हजार बढीको लागत अनुमान तयार गरेको नियम सम्मत देखिएन ।

५. **सार्वजनिक खरिद व्यवस्थापन :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) अनुसार खरिद गर्दा प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.५ लाखदेखि २० लाखसम्मको खरिद गर्दा सिलबन्दी दरभाउपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले फर्निचर तथा फिक्चर्स, मेसिनरी औजार तथा मर्मत सम्भार गर्दा विभिन्न टुक्रा बनाई रु.१ करोड ९ लाख ७३ हजार खर्च लेखेको छ । अतः खरिद कार्य गर्दा ऐन, नियमले तोकेको प्रक्रिया पूरा गर्नुपर्दछ ।

६. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकार अन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गर्ने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

७. **आन्तरिक नियन्त्रण :** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयले जिन्सी निरीक्षण गराई सोमाथि कारबाही नगरेको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएको, खरिद इकाई गठन नगरेको, तलबी प्रतिवेदन पारित नगरेको, कर्मचारीको कार्यविवरण तयार नगरेको, खर्चका मापदण्ड तथा कार्यविधि तयार नगरेको जस्ता कैफियत देखिएका छन् । प्रचलित ऐन, नियममा भएका सबै व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

८. **कार्यसम्पादन स्थिति :** प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयले गर्नुपर्ने कार्यहरुमध्ये प्रदेशभित्रको जलश्रोत उपयोग तथा नदी संरक्षण, सार्वजनिक यातायातको रुट अनुमति, शहरी विकास योजना तर्जुमा, शहरी पूर्वाधार निर्माण, खानेपानी सरसफाइ जस्ता प्रमुख कार्यक्रमहरुको नीति, कानुन तथा मापदण्ड तर्जुमा भएको देखिएन । नियमअनुसारको कानुन तथा नीति तर्जुमा गर्नुपर्दछ ।

८. **नीतिगत मार्गदर्शन :** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिताको कायम गर्ने नीतिगत मार्गदर्शन २०७५ मा कार्यालय भवन, पदाधिकारीको फर्निसिङ र सवारी साधनमा एकरुपताको लागि मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने र अर्थ मन्त्रालयको परामर्शमा भवन र फर्निसिङको मापदण्ड शहरी विकास मन्त्रालयले र सवारी, साधनको मापदण्ड गृह मन्त्रालयले एक महिनाभित्र तोकी सक्नुपर्ने नीतिगत व्यवस्था छ । मापदण्ड तयार गरी कार्यान्वयनमा नल्याएकोले प्रशासनिक खर्चमा मितव्ययी भएको छैन । तोकिए बमोजिमको मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

**बेरुजू स्थिति –** मन्त्रालयको लेखापरीक्षणबाट फछ्र्यौट गर्नुपर्ने लगती बेरुजू देखिएको छैन । यससम्बन्धी विवरण **अनुसूची ३** मा रहेको छ ।

# सामाजिक विकास मन्त्रालय

प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, शैक्षिक योजना निर्माण र कार्यान्वयन, माध्यमिक तहको परीक्षा व्यवस्थापन, महिला हक सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, समाज कल्याण र संघ संस्था सम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्यांकन खेलकुद प्रशासन र संघ संस्थाको समन्वय र नियमनगर्ने उद्देश्यले यस मन्त्रालयको स्थापना भएको हो ।

यो वर्ष विनियोजन रु.८ करोड ८७ लाख ९३ हजार, राजस्व रु.३४ हजार समेत रु.८ करोड ८८ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ । सो कारोबारको लेखापरीक्षणबाट देखिएका उल्लेख्य व्यहोरा निम्नानुसार छन्:

१. **वजेट खर्च** : एक बजेट उपशीर्षकमा निकासा तथा खर्च रु.१ करोड ८० लाख ६१ हजार देखाएकोमा फर्निचर खरिदको रु.१ लाख ९८ हजारको चेक नसाटिएको रकम समायोजन नगरी रु.१ करोड ८० लाख ६१ हजार नै आर्थिक विवरणमा खर्च देखाएकोले मन्त्रालयको आर्थिक विवरणले निकासा तथा खर्चको यथार्थ चित्रण गरेको देखिएन ।

२. **रकम हस्तान्तरण :** स्वीकृत कार्यक्रम अनुसार बिभिन्न स्थानीय तह विद्यालय, गैरसरकारी संस्थाहरुलाई आर्थिक वर्षको अन्तिम महिनामा शर्शत अनुदान रु.४ करोड ७४ लाख ३३ हजार हस्तान्तरण गरेकोमा ती निकायहरुले कार्यक्रम सञ्चालन गरी सम्झौतामा तोकिए बमोजिमको प्रगति विवरण पेश गरेको देखिएन । मन्त्रालयले पनि निर्धारित कार्यक्रमको अनुगमन समेत गरेको छैन ।

३. **सोझै खरिद :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी एउटै प्रकृतिका कार्यलाई टुक्रा पारी खरिद गर्न नहुने तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नहुने व्यवस्था छ । मन्त्रालयले पटक पटक गरी रु.९२ लाख ४३ हजारको मालसामान सोझै खरिद गरेको छ । खरिद कार्य प्रतिस्पर्धी र मितव्ययी हुनुपर्दछ ।

४. **संगठन तथा कर्मचारी व्यवस्थापन :** मन्त्रालयमा स्वीकृत दरबन्दी अनुसार पदपूर्ति गर्नुपर्नेमा विभिन्न तहको गरी ६८ पदको दरबन्दी मध्ये ४९ पदपूर्ति भएको छ । दरबन्दी अनुसार पदपूर्ति नहुँदा सेवा प्रवाहमा कठिनाई पर्ने भएकोले मन्त्रालयबाट प्रदान गरिने सार्वजनिक सेवा प्रवाहलाई चुस्त एवं प्रभावकारी बनाउन दरबन्दी अनुसारको पदपूर्ति हुनुपर्दछ ।

५. **आन्तरिक नियन्त्रण :** मन्त्रालयले प्रचलित ऐन, नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ । यस मन्त्रालयको आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा भ्रमण प्रतिवेदन नलिएको, खर्चका मापदण्ड तथा कार्यविधि तयार गर्नुपर्नेमा नगरेको जस्ता कैफियत देखिएका छन । प्रचलित ऐन, नियममा भएका व्यवस्थाको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था सुदृढ बनाउनु पर्दछ ।

६. **वित्तीय प्रतिवेदन सार्वजनिक :** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४४ मा कार्यालयले तयार गर्नुपर्ने वित्तीय प्रतिवेदनहरु तोकिएको समयावधि समाप्त भएको मितिले सात दिनभित्र विद्युतीय वा अन्य माध्यमबाट सार्वजनिक गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले सो बमोजिम वित्तीय प्रवितेदनहरु सार्वजनिक गरेको पाइएन । अतः कानुनको परिपलना गर्नुपर्ने देखिन्छ ।

७. **लक्ष्य तथा प्रगति :** प्रदेश आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७४ को दफा ६५ बमोजिम यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिएका कुराहरुमा सोही बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुने व्यवस्था छ । प्रदेश सरकारअन्तर्गत आर्थिक कार्यविधि नियमावली, नबनेको अवस्थामा साविकको आर्थिक कार्यविधि नियमावली आकर्षित भएको र आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) बमोजिम चालु वर्षमा सम्पन्न गरिने कामको परिमाण र लागत सहित अगामी वर्षमा पनि चालु राख्नुपर्ने भए त्यसको परिमाण र बजेट समेत पेश गर्नुपर्ने व्यवस्था छ । मन्त्रालयले बजेट उपशीर्षकमा परिमाण र लागत खुल्ने गरी कार्यक्रम स्वीकृत नगरी चालु तथा पुँजीगत कार्यक्रममा खर्च गरेकोले वार्षिक कार्यक्रमको आधारमा समीक्षा गर्न सकिएन ।

८. **बेरुजू स्थिति –** मन्त्रालयको यो वर्ष रु.१ लाख ७२ हजार लगती बेरुजू बाँकी रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-३** मा रहेको छ ।

## परिच्छेद-४

# प्रतिवेदन कार्यान्वयनको स्थिति

प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३५(२) बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारमिभक प्रतिवेदनमा औंल्याइएका बेरुजूका सम्बन्धमा सो बेरुजूको सूचना प्राप्त भएको ३५ दिन भित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फछ्र्यौट तथा सम्परीक्षण गरी महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनु पर्ने व्यवस्था अनुसार बेरुजूको कारवाहीको विवरण प्राप्त भएको छ ।

| सि.नं. | निकायको विवरण | प्रारम्भिक प्रतिवेदन दिएको मिति | प्रतिक्रिया प्राप्त | फछ्र्यौट | अन्तिम प्रतिवेदन जारी मिति |
|---|---|---|---|---|---|
| १ | प्रदेश सभा सचिवालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ५ | उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ६ | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | २०७५/११/१५ | २०७५/१२/१२ | ० | २०७५/१२/१० |
| ८ | सामाजिक विकास मन्त्रालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| ९ | मुख्य न्यायाधिवक्ता कार्यालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |
| १० | प्रदेश लेखा नियन्त्रक कार्यालय | २०७५/११/१५ | ० | ० | २०७५/१२/१० |

# परिच्छेद-५
# सुधारका क्षेत्रहरु

१. **बजेट कार्यान्वयन -** बजेट तर्जुमा, कार्यान्वयन र खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गर्नुपर्दछ । चालुखर्च नियन्त्रण गर्न मितव्ययिता सम्बन्धी निर्देशिका र मापदण्ड बनाई लागु गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने र आयोजना व्यवस्थापनमा सुधार गरी पुँजीगत खर्च वृद्धि गर्नुपर्दछ । प्रदेश सञ्चित कोषबाट प्रदान गरिने सबै प्रकारका अनुदान रकमको उपयोग सम्बन्धमा अनुगमन गरी रकमको सदुपयोग सम्बन्धमा यकिन गर्नुपर्दछ ।

२. **आयोजना व्यवस्थापन -** संभाव्यता अध्ययन, आयोजना छनौट, बजेट तथा कार्यक्रम स्वीकृति, कार्यान्वयन, सुपरिवेक्षण, अनुगमन मूल्याङ्कन लगायत विभिन्न चरणमा ध्यान दिदैं आयोजना सञ्चालन गर्नु पर्दछ । प्रदेश गौरवका आयोजना र पहिलो प्राथमिकताका आयोजनाको छनौट गरी पुँजीगत खर्चलाई उपलब्धिमूलक क्षेत्रमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

३. **सार्वजनिक खरिद -** सार्वजनिक निकायले खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना बनाई प्रतिस्पर्धात्मक रुपमा खरिद कार्य गराउनु पर्नेमा उक्त व्यवस्था पालना गरेको देखिँदैन । खरिद योजनाको कडाइका साथ पालना गर्नुपर्दछ । परामर्शसेवा खरिद कार्यको लागत अनुमान तयार गर्ने नर्म्स वा आधार निर्धारण गर्नुपर्ने देखिन्छ ।

४. **राजस्व संकलन -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्र भित्र पर्ने घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्कलगायतका क्षेत्र परिचालन गरी राजस्व संकलन गर्नु पर्दछ ।

५. **सगंठनात्मक व्यवस्था र सेवा प्रवाह -** सार्वजनिक स्रोत र साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न चक्रीय समय प्रणाली, टोकन प्रणाली, एकद्वार सेवा प्रणाली र हेल्पडेस्क प्रणाली कार्यान्वयनमा ल्याउन आवश्यक व्यवस्था मिलाउनुपर्दछ । सेवाग्राहीको समय र लागत घटाउन विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ । यसैगरी सबै तहबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्ने, घुम्ती सेवा प्रदान गर्ने, सेवा मापदण्ड निर्धारण गर्ने, अनुगमन संयन्त्र बनाउने र गुनासो सुनुवाई सयन्त्रको व्यवस्था र आवधिकरुपमा सार्वजनिक सुनुवाई गर्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ ।

६. **लेखाङ्कन तथा प्रतिवेदन प्रणाली -** सार्वजनिक निकायको लेखा प्रणाली, लेखा ढाँचाको स्वीकृति तथा वित्तीय प्रतिवेदन प्रणालीमा समयसापेक्ष सुधार गरी सार्वजनिक कोषको पारदर्शिता र विश्वसनीयता प्रवर्द्धन गर्न सार्वजनिक क्षेत्रको लागि नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेपसास) प्रदेश तहमा समेत कार्यान्वयनमा ल्याउनु पर्दछ । प्रदेश तहको सञ्चितकोष हिसाब तयार गर्ने ढाँचा लगायत प्रदेश तहमा प्रयोग हुने लेखाको ढाँचा महालेखापरीक्षकबाट स्वीकृत गराई लागु गर्नु पर्दछ ।

७. **आन्तरिक नियन्त्रण प्रणाली -** आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थालाई प्रभावकारी बनाउन प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गर्ने कार्यालाई मितव्ययी, कार्यदक्ष र प्रभाबकारी ढंगबाट सम्पादन गर्न वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित प्रदेश कानुन बमोजिम कार्य सम्पादन गर्न कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्दछ ।

८. **प्रदेश कानुन -** संविधानको धारा ५७(६) मा प्रदेश सभाले कानुन बनाउँदा संघीय कानुनसँग नबाझिने गरी बनाउनु पर्ने र संघीय कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुने उल्लेख भएकोले प्रदेशबाट निर्माण हुने कानुन संघीय कानुनसँग सामन्जस्यता हुने गरी निर्माण गर्नु पर्दछ ।

९. **प्रदेश तहको वित्तीय व्यवस्थापन -** प्रदेश तहको वित्तीय व्यवस्थापनमा सुधार गर्न खर्च व्यवस्थापनमा सुधार गर्दै बजेट विनियोजन, खर्च र उपलब्धिलाई कार्य सम्पादन मूल्यांकनसँग आवद्ध गर्ने, अनुत्पादक खर्च नियन्त्रण गर्ने, प्रदेश गौरवका आयोजना र प्राथमिकता प्राप्त आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । नेपालको संविधान बमोजिम प्रदेशस्तरबाट निर्माण हुने कानून संघीय कानूनसँग सामन्जस्यता हुने गरी निर्माण गर्ने र सबै पदाधिकारीहरुको सेवा सुविधा सम्बन्धमा एकरुपता हुने गरी मापदण्ड तयार गरी लागु गर्नुपर्दछ । प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार

गरी लागु गर्ने र सेवाग्राहीको समय र लागत घटाउन उपयुक्त सेवा प्रवाह प्रणालीको अवलम्बन गर्नुपर्दछ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम अधिकार क्षेत्र अन्तर्गत पर्ने विषयमा राजस्व संकलनलाई प्रभावकारी बनाउनुपर्दछ । महालेखापरीक्षकको स्वीकृत ढाँचामा प्रदेश तहको संचित कोष हिसाब तयार गर्ने, प्रदेश तहको वार्षिक लेखापरीक्षण प्रतिवेदन प्रदेश सभा मार्फत विषयगत सार्वजनिक लेखा समितिमा प्रस्तुत गरी छलफल गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

**अनुसूची – १**

## लेखापरीक्षण गरिएका कार्यालयहरुको विवरण

**(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)**

**(रु. हजारमा)**

| **क्र.सं.** | **मन्त्रालयर निकायरकार्यालयको नाम** | **कार्यालय संख्या** | **बेरुजू भएका कार्यालय संख्या** | **बेरुजू रकम** |
|---|---|---|---|---|
| १. | प्रदेश सभा सचिवालय | १ | १ | सैद्धान्तिक |
| २. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | सैद्धान्तिक |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | १ | ३३ |
| ४. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | १ | २१९२ |
| ५. | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | १ | १ | १७४२१ |
| ६. | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १ | १ | २४७६ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १ | सैद्धान्तिक |
| ८. | सामाजिक विकास मन्त्रालय | १ | १ | १७२ |
| ९. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ४८ |
| | **जम्मा** | **१०** | **९** | **२२३४२** |

अनुसूची – २

# लेखापरीक्षण रकम

(रु हजारमा)

| क. सं | मन्त्रालयर निकायको नाम | विनियोजन | | | | राजस्व | | | | धरौटी | | | | अन्य कारोवार | | | | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | लेखापरीक्षण गर्नुपर्ने | | सम्पन्न | | |
| | | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | इकाई | रकम | |
| १ | प्रदेश सभा सचिवालय | १ | ८९९१० | १ | ८९९१० | १ | ७५ | १ | ७५ | १ | ११७७ | १ | ११७७ | ० | ० | ० | ० | ९११६२ |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | २०९२३ | १ | २०९२३ | ० | २४ | ० | २४ | ० | ३५८ | ० | ३५८ | ० | ० | ० | ० | २१३०५ |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २ | २३४८७६ | २ | २३४८७६ | १ | १६ | १ | १६ | १ | ९३ | १ | ९३ | ० | ० | ० | ० | २३४९८५ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ | ४०७४२ | १ | ४०७४२ | १ | १७ | १ | १७ | १ | ४०८ | १ | ४०८ | ० | ० | ० | ० | ४११६७ |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १ | ४१८४६ | १ | ४१८४६ | १ | ३ | १ | ३ | १ | ३६७ | १ | ३६७ | ० | ० | ० | ० | ४२२१६ |
| ६ | भूमि, व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | १ | २३१३६ | १ | २३१३६ | १ | १२ | १ | १२ | १ | ११० | १ | ११० | ० | ० | ० | ० | २३२५८ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १ | १०९८८२ | १ | १०९८८२ | १ | २५ | १ | २५ | १ | १३४१ | १ | १३४१ | ० | ० | ० | ० | १११२४८ |
| ८ | सामाजिक विकास मन्त्रालय | १ | ८८७९३ | १ | ८८७९३ | १ | ३४ | १ | ३४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ८८८२७ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | २७२७ | १ | २७२७ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | २७२७ |
| | **जम्मा** | **१०** | **६५२८३५** | **१०** | **६५२८३५** | **७** | **२०६** | | **२०६** | | **३८५४** | | **३८५४** | **०** | **०** | **०** | **०** | **६५६८९५** |

अनुसूची ३

# बेरुजू वर्गीकरण
## (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## आर्थिक वर्ष २०७४।७५

(रु.हजारमा)

| सि.नं. | निकायको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बांकी बेरुजू | | | बांकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्वल गत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | प्रदेश सभा सचिवालय | १४ | ० | ० | | | | १४ | ० | ० | ० | | | | | | | | ० |
| २ | मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय | १६ | ० | ० | | | | १६ | ० | ० | ० | | | | | | | | ० |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८ | १ | ३३ | | | | १८ | १ | ३३ | ३३ | | | | | | | | ० |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | ९ | ७ | २१९२ | | | | ९ | ७ | २१९२ | ० | | २१९२ | | | २१९२ | | | ० |
| ५ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | १७ | २ | १७४२१ | | | | १७ | २ | १७४२१ | ६ | | १७४१५ | | | १७४१५ | | | ० |
| ६ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १० | ३ | २४७६ | | | | १० | ३ | २४७६ | ३१ | | २४४५ | | | २४४५ | | | ० |
| ७ | भौतिक पूर्वाधार तथा विकास मन्त्रालय | १८ | २ | ४७०८ | | २ | ४७०८ | १८ | | | ० | | | | | | | | ० |
| ८ | सामाजिक विकास मन्त्रालय | १० | १० | १७२ | | | | १० | १० | १७२ | ४२ | | १४ | | | १४ | ११६ | | ११६ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २ | १ | ४८ | | | | २ | १ | ४८ | ० | ४८ | | | | ४८ | | | ० |
| | **जम्मा** | **११४** | **२६** | **२७०५०** | | **२** | **४७०८** | **११४** | **२४** | **२२३४२** | **११२** | **४८** | **२२०६६** | | | **२२११४** | **११६** | | **११६** |

## अनुसुची - ४

### आर्थिक वर्ष २०७४/७५ मा वजेटको अख्तियार प्राप्त लेखाउत्तरदायी अधिकृतहरुको विवरण र सो अवधिको बेरुजूको स्थिति

(रु. हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखाउत्तरदायी अधिकृतहरुको नामवली | अवधि | | आ.व. २०७४/७५ को कुल बेरुजू | लेखापरीक्षण अंकको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | देखि | सम्म | | |
| १ | प्रदेश सभा सचिवालय | सचिव श्री केदार प्रसाद पनेरु<br>ले.अ.श्री दहलमान राई | २०७४/१०/३ | २०७५/३/३२ | ० | ० |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सचिव श्री सन्तोष श्रेष्ठ<br>लेखा अधिकृत श्री दिपक भट्ट | २०७४/१०/२१ | २०७५/३/३२ | ० | ० |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालय | सचिव श्री प्रह्लाद सापकोटा<br>लेखा अधिकृत श्री गोविन्द पौडेल | २०७४/११/३ | २०७५/३/३२ | ३३ | ०.०१ |
| ४ | आन्तरिक मामिला तथा कानुन मन्त्रलय | सचिव श्री यज्ञ वहादुर खत्री<br>लेखा अधिकृत श्री परशुराम क्षेत्री | २०७४/११/३ | २०७५/३/३२<br>२०७५/३/३२ | २१९२ | ५.३२ |
| ५ | उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय | सचिव श्री किशोर चन्द्र गौतम<br>लेखा अधिकृत श्री टोलेन्द्र कार्की | २०७४/१०/२६ | २०७५/३/३२<br>२०७५/३/३२ | १७४२१ | ४१.२७ |
| ६ | भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सचिव श्री हरि वहादुर के.सी<br>लेखा अधिकृत श्री मदन कुमार तिम्सिना | २०७४/१०/२६ | २०७५/३/३२ | २४७६ | १०.६४ |
| ७ | भौतिक पूर्वाधार विकास मन्त्रालय | सचिव सागर कुमार राई<br>लेखा अधिकृत श्री ओम प्रकाश पराजुली | २०७४/११/२ | २०७५/३/३२ | ० | ० |
| ८ | सामाजिक विकास मन्त्रालय | सचिव श्री वासुदेव शर्मा पौडेल | २०७४/१०/२६ | २०७५/३/३२ | १७२ | ०.१९ |
| ९ | मुख्य न्यायाधिवक्ताको कार्यालय | न्यायाधिवक्ता श्री सुदर्शन निरौला<br>लेखा अधिकृत श्री लेखहरी भट्टराई | २०७४/११/ | २०७५/३/३२ | ४८ | १.७६ |

आर्थिक मामिला तथा योजना मन्त्रालय

## प्रदेश लेखा नियन्त्रक कार्यालय

प्रदेश नं.१ विराटनगर नेपाल

### आर्थिक वर्ष २०७४/७५ को संचित कोषको अवस्था

| विवरण | रकम रु |
|---|---|
| समानीकरण अनुदान | १०२०५००००००.०० |
| (क)प्राप्ती | १०२०५००००००.०० |
| चालु | ४३५०५२९११९.६५ |
| पुजिगत | २१७७८३००८०.४८ |
| वित्तीय व्यवस्था | |
| भुक्तानी हुन बाकी चेक | -१११५२१८.८० |
| (ख)भुक्तानी | ६५४१७२०७८१.४३ |
| (ग)स्रेस्ता अनुसारको कोषको मौज्दात (क-ख) | ३६८७७९९२१८.५६ |
| (घ) बैंक अनुसार प्र क १- १ संचित कोष मिलान खाता मौज्दात(२०७५ आषाढ मसान्त) | ०.०० |
| (ङ)फरक (ग-घ) | ३६८७७९९२१८.५६ |
| फरक रकमको पुष्ट्याई | |
| मिति २०७५।०३।२४,२०७५।०४।०४ र २०७५।०७।१९ मा संचित कोषबाट सोधभर्ना गरिएको रकम संचित कोष मिलान खाता प्र क १-१ मा सार्न बाकी | -६५४१७२०७८१.४३ |
| प्र क १-३ राजश्व तथा अनुदान खातामा रही प्र क १-१ मा सार्न बाकी | १०२०५००००००.०० |
| जम्मा | ३६८७७९९२१८.५६ |

अन्तिम कुमार आचार्य

नि. प्रदेश लेखा नियन्त्रक

# लेखापरीक्षण अन्तरक्रिया तथा छलफल कार्यक्रमसँग सम्बन्धित तस्वीरहरु



प्रदेश नं. १ का माननीय प्रदेश प्रमुख श्री प्रा. डा. गोबिन्द बहादुर तुम्बाहाङ र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु



प्रदेश नं. १ का माननीय मुख्यमन्त्री श्री शेरधन राई र माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल सहितका पदाधिकारीहरु



मानमीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल र प्रदेश नं. १ का माननीय सभामुख श्री प्रदिप कुमार भण्डारी सहितका पदाधिकारीहरु



*प्रदेश नं. १ विराटनगरमा आयोजित लेखापरीक्षण अन्तरक्रिया कार्यक्रममा सहभागी पदाधिकारीहरु*